
भदौ – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


वर्ष २४, अङ्क ९ | २०७२, भदौ १–१५ | पूर्णाङ्क ५५५


प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य सचिव |

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
ना.सु.श्री लक्ष्मण वि.क.
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** उप.प्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | ४ |
| संयुक्त इजलास | १७ |
| इजलास नं. १ | १५ |
| इजलास नं. २ | ३ |
| इजलास नं. ३ | ३ |
| इजलास नं. ४ | ११ |
| इजलास नं. ५ | ५ |
| इजलास नं. ७ | ३ |
| इजलास नं. ८ | २ |
| एकल इजलास | ७ |
| रीत / बेरीत आदेश | ४ |
| जम्मा | ७४ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन


यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७२, भदौ – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०– ०१– ३३३– ५५**

वा

**इमेल ठेगाना**

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

# विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| पूर्ण इजलास | | | १-२ |
| १. | उत्प्रेषण/ परमादेश | गोविन्दप्रसाद आचार्यसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| २. | उत्प्रेषण/ परमादेश | हरिगोविन्द लुइँटेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | |
| संयुक्त इजलास | | | २-९ |
| ३. | क्षतिपूर्ति दिलाइ पाउँ | विश्वनाथ शर्मा वि. जिल्ला विकास समितिको कार्यालय, बागलुङसमेत | |
| ४. | कर्तव्य ज्यान | कर्णबहादुर धामी वि. नेपाल सरकार | |
| ५. | उत्प्रेषण/ परमादेश | रामकुमार बस्नेत वि. पूर्व क्षेत्रीय सशस्त्र बल, मुख्यालय बराह बाहिनी, पकली सुनसरीसमेत | |
| ६. | कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग | विष्णु धामीसमेत वि. नेपाल सरकार | |
| ७. | मोही नामसारी | गोकर्णप्रसाद जोशी वि. झुर्रा नाउँ | |
| ८. | आयकर | आन्तरिक राजस्व कार्यालय, लाजिम्पाट वि. ज्योत्सनादेवी केडिया | |
| ९. | उत्प्रेषण/ परमादेश | पुष्पराज लामिछाने वि. जिल्ला प्रशासन कार्यालय, कास्कीसमेत | |
| १०. | निषेधाज्ञा | रामअधिन यादव वि. भावनाकुमारी सिंह | |
| ११. | उत्प्रेषण/ प्रतिषेध | झरविन्द्रप्रसाद मरासिनीसमेत वि. नेपालगञ्ज नगरपालिका, नेपालगञ्ज, बाँकेसमेत | |
| १२. | निषेधाज्ञा | असिन चटर्जी वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत | |
| १३. | निषेधाज्ञा | औधमान लावतीसमेत वि. कुमार लावतीसमेत | |
| १४. | उत्प्रेषण/ निषेधाज्ञा/ परमादेश | ममताज मियाँसमेत वि. जिल्ला प्रशासन कार्यालय, भरतपुर चितवनसमेत | |
| १५. | उत्प्रेषण/ परमादेश | ज्ञानु डोल्मो पोखरेल वि. पुण्यप्रसाद सङ्ग्रौलासमेत | |
| १६. | परमादेश | सुरेशप्रसाद यादव वि. मालपोत कार्यालय, महोत्तरी, जलेश्वर | |
| १७. | निषेधाज्ञा/ परमादेश | महानगरीय ट्राफिक प्रहरी कार्यालय, गौशाला, काठमाडौं वि. नरेश डङ्गोल | |
| इजलास नं. १ | | | १०-१४ |
| १८. | कर्तव्य ज्यान | पदमबहादुर सावदसमेत वि. नेपाल सरकार | |
| १९. | जग्गा खिचोला चलन | अशोककुमार साहसमेत वि. लक्ष्मीप्रसाद साह कानु | |
| २०. | निर्णय बदर | सल्मा मुस्तफासमेत वि. कलिफ मोहम्मद मुस्तफासमेत | |
| २१. | लिखत बदर | सल्मा मुस्तफासमेत वि. कमला घलेसमेत | |
| २२. | करारबमोजिम रकम दिलाई पाउँ | गोपालबहादुर श्रेष्ठ वि. भारत पुने, श्री लक्ष्मण राव किर्लोस्कर रोड स्थित किर्लोस्कर आयल इन्जिन लिमिटेडसमेत | |
| २३. | करकाप | गोपालबहादुर श्रेष्ठ, वि. सुरेश गलगली | |
| २४. | गैंडालाई गोली हानी मारी खाग बिक्री | सूर्यबहादुर कुमालसमेत वि. नेपाल सरकार | |
| २५. | अनियमित काठ चोरी, निकासी | नेपाल सरकार वि. अमृतबहादुर लामासमेत | |
| इजलास नं. २ | | | १४-१६ |
| २६. | उत्प्रेषण | अनितादेवी वि. शिव प्रसन पण्डित कुम्हारसमेत | |
| २७. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. प्रेम शाही | |
| २८. | जबर्जस्ती करणी | नेपाल सरकार वि. पदमबहादुर थापा | |
| इजलास नं. ३ | | | १६-१८ |
| २९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शत्रूधन मण्डलसमेत | |
| ३०. | मोही नामसारी | विष्णुप्रसाद स्वगमिखा वि. सीताराम पक्कासमेत | |
| ३१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कल्चु भन्ने मानबहादुर सुनारसमेत | |

| इजलास नं. ४ | | | १८-२३ |
|---|---|---|---|
| ३२. | कर्तव्य ज्यान | ठुलीमाया चेपाङ वि. नेपाल सरकार | |
| ३३. | उत्प्रेषण | जगदम्बामणि त्रिपाठीसमेत वि. बुन्नादेवीमणि त्रिपाठीसमेत | |
| ३४. | उत्प्रेषण | मनोज नेपाल वि. इन्दिरा सिटौलासमेत | |
| ३५. | उत्प्रेषण | आयुरत्न सिख्राकार वि. छोरी सिख्राकारसमेत | |
| ३६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. ठगन्ठे वि.क., ठगन्ठे वि.क. वि. नेपाल सरकार | |
| ३७. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. शिवराज तामाङ | |
| ३८. | बन्दी प्रत्यक्षीकरण | नजिबुन बेगम खाँ वि. जिल्ला वन कार्यालय, बाँकेसमेत | |
| ३९. | लुटपीट | शिवप्रसाद भण्डारी वि. यज्ञबहादुर भण्डारीसमेत | |
| ४०. | बन्दी प्रत्यक्षीकरण | महेन्द्रमोहन कायस्थ वि. कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंसमेत | |
| ४१. | निषेधाज्ञा | सुनैना यादवनी वि. लरूवती यादवसमेत | |
| ४२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. लक्ष्मी भन्ने विष्णु अर्याल | |
| इजलास नं. ५ | | | २३-२६ |
| ४३. | उत्प्रेषण/ परमादेश | भक्तबहादुर ओली वि. शिक्षक सेवा आयोग, सानोठिमीसमेत | |
| ४४. | जीउ मास्ने बेच्ने | वीरेन्द्रकुमार मेहता वि. नेपाल सरकार | |
| ४५. | कर्तव्य ज्यान | गगन भन्ने होमबहादुर राई वि. नेपाल सरकार | |
| ४६. | उत्प्रेषण | देवनारायण यादवसमेत वि. जिनिसलाल यादवसमेत | |
| ४७. | उत्प्रेषण/ परमादेश | राजेन्द्र यादव वि. मालपोत कार्यालय, महोत्तरीसमेत | |
| इजलास नं. ७ | | | २६-२८ |
| ४८. | उत्प्रेषण / परमादेश | नारायणप्रसाद सापकोटा वि. माननीय शिक्षा मन्त्री, शिक्षा मन्त्रालयसमेत | |
| ४९. | निर्णय दर्ता बदर हक कायमसमेत | भूपालदास श्रेष्ठ वि. देवेन्द्र प्रसाद श्रेष्ठ | |
| ५०. | उत्प्रेषण / परमादेश | सुनिता पौडेल वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरसमेत | |
| इजलास नं. ८ | | | २८-२९ |
| ५१. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. चन्द्रबहादुर मुखियासमेत | |
| ५२. | बन्दी प्रत्यक्षीकरण | मन्जु थोकर वि. प्रेमप्रसाद दाहालसमेत | |
| एकल इजलास | | | २९-३२ |
| ५३. | अदालतको अपहेलना | लक्ष्मी विश्वकर्मा (श्रेष्ठ) वि धनमाया थामीसमेत | |
| ५४. | बन्दी प्रत्यक्षीकरण | अनुप खरेल वि. केन्द्रीय अनुसन्धान ब्युरो, महाराजगञ्ज, काठमाडौंसमेत | |
| ५५. | उत्प्रेषण/ परमादेश | पदम सिंह धामी वि. गृह मन्त्रालयसमेत | |
| ५६. | उत्प्रेषण | ब्रजेशकुमार गुप्ता वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत | |
| ५७. | उत्प्रेषण | साबित्री बस्नेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ५८. | बन्दी प्रत्यक्षीकरण | मोहमद अहमद अन्सारी वि. महान्यायाधिवक्ताको कार्यालय, काठमाडौंसमेत | |
| ५९. | उत्प्रेषण | रूपा भण्डारी वि. शीतल शाह पुर्वेसमेत | |
| रीत / बेरीत आदेश | | | ३२-३३ |
| ६०. | लागु औषध गाँजा | अवधकिशोर यादव वि. नेपाल सरकार | |
| ६१. | परमादेश | विजेन्द्रलाल जोशी वि. रजिस्ट्रार सर्वोच्च अदालत | |
| ६२. | सरकारी दस्तखत छाप किर्ते | आशिष कार्की वि. नेपाल सरकार | |
| ६३. | वैदेशिक रोजगार ठगी | श्यामराज पाण्डे वि. नेपाल सरकार | |
| अदालत गतिविधि | | | ३४-४६ |

**पूर्ण इजलास**

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-WF-००२२, उत्प्रेषण/परमादेश, *गोविन्दप्रसाद आचार्यसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

सार्वजनिक पदाधिकारीलाई नियुक्तिकर्ताको इच्छाअनुकूलको अवधिसम्म बहाल राख्ने र इच्छाअनुकूल नै हटाउन हुन्छ भन्न मिल्दैन। सार्वजनिक पदाधिकारीको नियुक्ति र बर्खासी नियुक्ति गर्ने पदाधिकारीको इच्छाबाट निर्देशित गर्न मिल्दैन र यो कुरा Doctrine of Pleasure को सिद्धान्तअनुकूल हुँदैन। कानूनको शासनको सिद्धान्तले पनि त्यस्तो निर्णयलाई समर्थन नगर्ने।

प्रस्तुत विवादमा पनि प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ को उपदफा (२) मा प्रेस काउन्सिल नेपालका सदस्यको पदावधि चार वर्षको हुने व्यवस्था भएकामा नियुक्ति गर्दा बढीमा चार वर्षको लागि भनी नियुक्ति गरिएको भए पनि सो चार वर्षको अवधि पूरा नहुँदै अवकाश दिने गरी भएको निर्णय मान्य नहुने भनी माथि उल्लिखित पाँच सदस्यीय पूर्ण इजलासको आदेशबाट नै विवादित विषयको निरूपण भइसकेको देखिँदा सो सम्बन्धमा थप विवेचना गरिरहनु नपर्ने।

निवेदकहरू दामोदरप्रसाद दवाडी, गोविन्दप्रसाद आचार्य तथा रामरिझन यादवलाई सदस्य पदमा मनोनयन गरेको मितिले चार वर्षको पदावधि मिति २०६९।८।१४ मा र निवेदिका संगीता लामाको मिति २०६९।८।१५ मा पुग्ने हुँदा हाल निजको चार वर्षको पदावधि (कार्यकाल) समाप्त भई सकेकाले रिट निवेदकहरूले माग गरेको विषय नै निष्प्रयोजन भइसकेको देखिएबाट यस अदालतका संयुक्त इजलासका माननीय न्यायाधीशहरूले मिति २०६७।९।२५ मा फरकफरक राय व्यक्त गरेको विषय र नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०६७।१।९ को अवकाश दिने निर्णयको औचित्यभित्र प्रवेश गरिरहनु पर्ने अवस्था विद्यमान नरहेबाट प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल असोज ३० गते रोज ५ शुभम्।

२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-WF-००२१, उत्प्रेषण/परमादेश, *हरिगोविन्द लुइँटेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

कानूनद्वारा गठित निकायको अध्यक्ष वा सदस्यको नियुक्ति कानूनद्वारा नै तोकिएको तरिका एवम् समयावधिको लागि हुने र यसको सञ्चालन, व्यवस्थापन र अन्य कार्यप्रणाली कानूनद्वारा नै व्यवस्थित र नियमित हुने कुरामा विवाद हुन सक्दैन। राज्यका प्रत्येक निकाय र पदाधिकारीले कानूनबमोजिम आफ्नो काम गर्नुपर्ने हुन्छ। शासन विधिको हुनुपर्दछ व्यक्तिको होइन भन्ने विधिको शासनको मुलभूत सिद्धान्त हो। कानूनबमोजिम नभएको वा कानूनको उचित प्रक्रिया पूरा नगरी गरिएको कार्य वा निर्णय बदरभागी हुनेछ।

ऐनमा नै सदस्यहरूको पदावधि चार वर्षको हुने भनी किटान गरेको अवस्थामा सो पदावधि समाप्त नहुँदै अवकाश दिने गरी भएको माननीय मन्त्रिस्तरीय निर्णय प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ को उपदफा (२) को विपरीत हुन्छ। सार्वजनिक पदाधिकारीलाई नियुक्तिकर्ताको इच्छाअनुकूलको अवधिसम्म बहाल राख्ने र इच्छाअनुकूल नै हटाउन हुन्छ भन्न मिल्दैन। सार्वजनिक पदाधिकारीको नियुक्ति र बर्खासी नियुक्ति गर्ने पदाधिकारीको ईच्छाबाट निर्देशित गर्न मिल्दैन र यो कुरा Doctrine of Pleasure को सिद्धान्तअनुकूल हुँदैन। कानूनको शासनको सिद्धान्तले पनि त्यस्तो निर्णयलाई समर्थन नगर्ने।

सम्बन्धित ऐनमा पदावधिको प्रष्ट व्यवस्था

भएको, तर नियुक्ति दिँदा नियुक्तिकर्ताले पदावधि उल्लेख नगरेको वा घटी पदावधि उल्लेख गरेको वा बढीमा भन्ने शब्द प्रयोग गरी सो पदावधिलाई घटबढ गराउने गरी निर्णय गरेको देखिए त्यस्तो निर्णयलाई कानूनसङ्गत भन्न मिल्ने हुँदैन । कानूनले खास पदावधि तोकिएको अवस्थामा सो किटानी तोकिएको पदावधिसम्म निजले कामकाज गर्न पाउने नै हुन आउने ।

प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ को उपदफा (२) मा सदस्यको पदावधि चार वर्षको हुने व्यवस्था भएकामा नियुक्ति मितिबाट चार वर्ष नपुग्दै निवेदकलाई मिति २०६७।१।९ मा अवकाश दिएको कार्य कानून प्रतिकूल हुँदा बदरभागी छ । तसर्थ नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०६५।९।४ को निर्णयले यी निवेदकलाइ सदस्य पदमा मनोनयन गरेको मितिले चार वर्षको पदावधि मिति २०६९।९।३ मा पुग्ने हुँदा हाल निजको चार वर्षको सो पदावधि (कार्यकाल) समाप्त भई सकेकाले रिट निवेदकले माग गरेको विषय नै निष्प्रयोजन भइसकेको देखिएबाट यस अदालतका संयुक्त इजलासका माननीय न्यायाधीशहरूले मिति २०६७।९।२५ मा फरक–फरक राय व्यक्त गरेको विषय र नेपाल सरकार (मा. मन्त्रीस्तरीय) को मिति २०६७।१।९ को अवकाश दिने निर्णयको औचित्यभित्र प्रवेश गरिरहनु पर्ने अवस्था विद्यमान नरहेबाट प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल असोज ३० गते रोज ५शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्ः

- ०६७-WF-००२३, उत्प्रेषण/परमादेश, *देवरामप्रसाद यादव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*
- ०६७-WF-००२४, उत्प्रेषण/परमादेश, *ऋषिराज लुम्साली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री दीपकराज जोशी**, ०६९-CI-०१२०, क्षतिपूर्ति दिलाइ पाउँ, *विश्वनाथ शर्मा वि. जिल्ला विकास समितिको कार्यालय, बागलुङसमेत*

वादीले दाबी गरेको कि.नं. ९८८ र ९८९ को जग्गा उक्त मोटर बाटोमा नपर्ने र उक्त कित्ताहरूमा कुनै निर्माण कार्य नगरिएको भन्ने प्रतिवादीहरूको कथन रहेको पाइन्छ । अदालतको आदेशानुसार भएको नक्सा मुचुल्का हेर्दा उक्त मोटर बाटो वादीको कि.नं. ९८८ र ९८९ को जग्गासँग जोडिएको नदेखिनुका अतिरिक्त वादीको जग्गामा कुनै प्रकारको निर्माण कार्य गरिएको भन्ने देखिएको छैन । सडक छेउको कि.नं. ९७८ को जग्गा चेत नारायण उपाध्यायको जग्गा भएको देखिएकामा सो कि.नं. ९७८ को जग्गाको दक्षिणतर्फ (तलपट्टि) वादीको जग्गा रहेको देखिएको र नक्सा मुचुल्काबाट वादीको जग्गाको भौतिक स्वरूप एवम् रूख विरूवामा क्षति पुगेको भन्ने नदेखिएकाले क्षतिपूर्ति दिलाई पाउँ भन्ने वादीको दाबी र पुनरावेदन जिकिर मनासिब नहुँदा वादी दाबी नपुग्ने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मनासिब देखिन आउने हुँदा वादी दाबीको जग्गामा कुनै प्रकारको निर्माण भएको नदेखिएको र वादीको जग्गाको भौतिक स्वरूप एवम् रूख विरूवामा समेत क्षति पुगेको नदेखिँदा क्षतिपूर्ति दिलाई पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत, बाग्लुङको मिति २०६८।१०।९ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७१ साल पुस २० गते रोज १ शुभम् ।

२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०६८-CR-१०७९, कर्तव्य

ज्यान, *कर्णबहादुर धामी वि. नेपाल सरकार*

मृतकले आफूले मर्नुभन्दाअघि आफ्नो मृत्युका सम्बन्धमा व्यक्त गरेको कुरा प्रयत्क्षरूपमा सुन्ने व्यक्तिले मौकामा अनुसन्धानको क्रममा कागज गरी साक्षीका रूपमा अदालतमा आई मौकामा व्यक्त गरेको आफ्नो भनाइ बकपत्रमार्फत पुष्टि गरेको अवस्थामा साक्षीको उक्त कथनसमेत प्रत्यक्ष प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिन आउने।

घटनास्थलबाट बन्दुकको गोली बरामद भई मृतकको लास प्रकृति मुचुल्का तथा शवपरीक्षण प्रतिवेदनबाटसमेत गोली प्रहारबाट मृतकको मृत्यु भएको भन्ने देखिएकाले मिसिल संलग्न उल्लिखित शृङ्खलाबद्ध सबुद प्रमाणहरू एकआपसमा मालाकार कडीको रूपमा रही प्रतिवादीले प्रहार गरेको गोलीको चोटबाट मृतकको मृत्यु भएको भन्ने तथ्य स्थापित हुन आएको देखिएकाले प्रतिवादीको जिकिरबमोजिम निज निर्दोष रहेको भन्ने अवस्था नहुने देखिँदा मृतक देवबहादुर विष्टलाई गोली प्रहार गरी मारेको भन्ने कुरा घटनाका प्रत्यक्षदर्शी र बुझिएका व्यक्तिहरूको बकपत्र, मृतकले आफ्नो मृत्युको सम्बन्धमा मर्नुभन्दाअघि व्यक्त गरेको कथन, मृतकको शव परीक्षण प्रतिवेदन, लास प्रकृति मुचुल्का एवम् प्रतिवादीको बयानसमेतका मिसिल संलग्न कागजातहरूबाट पुष्टि हुन आएकाले प्रतिवादी कर्णबहादुर धामीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहराएको सुरू बैतडी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६८।६।२९ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादी कर्णबहादुर धामीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

संवत् २०७१ साल माघ महिना १९ गते रोज २ शुभम्।

३

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल**, ०६९-WO-००५८, उत्प्रेषण/परमादेश, *रामकुमार बस्नेत वि. पूर्व क्षेत्रीय सशस्त्र बल, मुख्यालय बराह बाहिनी, पकली सुनसरीसमेत*

सशस्त्र प्रहरी सेवामा कार्यरत् प्रहरी कर्मचारीलाई हतियारसम्बन्धी सामान्य जानकारी हुने नै हुँदा हतियारको म्याग्जिन नझिकी सफा गर्दा हतियार पड्कन गई जो सुकैलाई पनि लाग्न सक्छ भन्ने कुराको जानकारी निवेदकलाई थिएन भन्न नमिल्ने।

सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ८७(१) मा "देहायको अवस्थामा सशस्त्र प्रहरीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ" भन्ने व्यवस्था भई सोको खण्ड (क) मा "अयोग्यताको कारणले आफ्नो जिम्मेवारी पूरा गर्न नसकेमा" भन्ने व्यवस्था रहेको छ। उक्त कानूनी व्यवस्थाअनुसार अयोग्यताको कारणले आफ्नो जिम्मेवारी पूरा गर्न नसक्ने सशस्त्र प्रहरीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिने नै हुन्छ। हतियारसम्बन्धी सामान्य जानकारी राख्नु पर्नेसमेतको दायित्व बहन गर्नुपर्ने यी निवेदकले हतियारको म्याग्जिन नै नझिकी सफा गर्दा सो हतियार पड्कन गई सुरेश राई घाइते भएको अवस्था विद्यमान रहेको देखिँदा निजको सो कार्य आफ्नो सेवा र पदीय योग्यताअनुकूलको देखिन नआउने।

निवदेकले गरेको कसुर सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ८७(१ को खण्ड (क) बमोजिमको कसुर देखिन आएको र सो नियमावलीबमोजिम अधिकारप्राप्त अधिकारीले निवेदकलाई स्पष्टीकरण सोधी सो घटनाको सम्बन्धमा जाँचबुझ गराई प्राप्त प्रतिवेदनसमेतको आधारमा निजलाई सरकारी सेवाबाट अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने भनी गरेको निर्णयमा कुनै कानूनी त्रूटि रहेको देखिन नआउने।

सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय, सप्तरीका सशस्त्र प्रहरी उपरीक्षकले निवेदकलाई सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ८७(१) को खण्ड (क) को कसुरमा नियम ८४ को खण्ड (ख)(१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य

नठहरिने गरी सेवाबाट हटाउने भनी मिति २०६८।८।२२ मा गरेको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी पूर्व क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय, बराह बाहिनीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षकबाट मिति २०६९।२।३२ मा भएको निर्णय कानूनको उचित प्रक्रिया पुर्‍याई अधिकारप्राप्त अधिकारीबाट भएकाले सो निर्णयमा कुनै कानूनी त्रूटि रहेको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरी रहन परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७१ साल चैत १६ गते रोज २ शुभम् ।

४

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल**, ०६८-CR-०९१४, ०९६०, ०९८०, ०६९-CR-०३०२, ०४२१, ०७०-CR-११८३, कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग, *विष्णु धामी वि. नेपाल सरकार, नेपाल सरकार वि. विक्रम धामी, अमृत धामी वि. नेपाल सरकार, प्रकाश थुलुङ वि. नेपाल सरकार, विक्रम धामी वि. नेपाल सरकार, हरिबहादुर राई वि. नेपाल सरकार*

शव परिक्षण प्रतिवेदनमा मृतकको मृत्युको कारणमा As a Result of Injury to Brain भनी उल्लेख भएको देखिन्छ । उल्लिखित घटनास्थल तथा लास प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदनका साथै जाहेरवालाको जाहेरी दरखास्तसमेतका मिसिल संलग्न कागजहरूबाट मृतक नरेन्द्र मोक्तानको मृत्यु कर्तव्यबाट नै भएको देखिने ।

प्रतिवादीहरूले अदालतमा आई बयान गर्दा कसुरमा इन्कार गरी अनुसन्धानको क्रममा भएको बयान प्रहरीले डरत्रास देखाई कुटपिटसमेत गरी कसुरमा साबित गराई बयान गराएको भनी उल्लेख गरे तापनि अनुसन्धानको क्रममा कुटपिट गरे गराएको भए प्रतिवादीहरूले मौकामा घा जाँचको माग गर्नुपर्नेमा त्यस्तो माग गर्न सकेको देखिन्न । प्रतिवादीहरूले आफू कसुरमा संलग्न रहेको कुरामा इन्कार रही बयान गरेको भए तापनि आफू निर्दोष रहेको तथ्ययुक्त सबुद गुजार्न सकेको देखिँदैन । तथ्ययुक्त प्रमाण विना अदालतमा आइ कसुरमा इन्कार रही बयान गरेको मात्र कारणले अनुसन्धान अधिकारीसमक्ष भएको बयानलाई अन्यथा मान्नुपर्ने अवस्था रहँदैन । प्रतिवादीहरूको अनुसन्धान अधिकारीसमक्ष भएको साबिती बयान वारदातका प्रत्यक्षदर्शीहरूको बकपत्रसमेतका मिसिल संलग्न प्रमाणबाट पुष्टि भइरहेको अवस्थामा त्यस्तो साबिती बयानलाइ प्रमाणमा लिनुपर्ने ।

प्रतिवादी गोपाल भन्ने हरिबहादुर राई, प्रतिवादी प्रकाश थुलुङ, प्रतिवादी अमृत धामी, प्रतिवादी विष्णु धामीको हकमा ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद ठहर गरी भएको सुनसरी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेकै देखिँदा सदर हुने ।

प्रतिवादी विक्रम धामीको हकमा प्रत्यक्षदर्शी भनिएका ओमलक्ष्मी र राधा मोक्तानले निज प्रतिवादीले यो, यसरी चोट छाडेको भनी किटानीसाथ बकपत्र गर्न सकेको नदेखिई घटनास्थलमा काठको बटम लिई उपस्थित रहेको भनी बकपत्र गरेको देखिएबाट निज प्रतिवादी विक्रम धामीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद ठहर गरी भएको सुनसरी जिल्ला अदालतको फैसला केही उल्टी गरी ज्यानसम्बन्धी महलको १७(१) बमोजिम १० वर्ष सजाय हुने ठहर गरी निज प्रतिवादी बिक्रम धामी नावालक भएको हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम सोको आधी सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।२।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर तथा विक्रम धामीलाई समेत अभियोग माग दाबीबमोजिम सजाय गरी पाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

इति संवत् २०७१ साल माघ २६ गते रोज २ शुभम् ।

५

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री जगदीश शर्मा पौडेल**, ०६९-CI-१३००, मोही नामसारी, *गोकर्णप्रसाद जोशी वि. झुर्रा नाउँ*

प्रत्यर्थी वादी झुर्रा नाउँ साबिक मोही सरदार नाउँको छोरा र हालको मोही ढोगे नाउँको एकासगोलको सहोदर भाइ भएको भन्ने कुरालाई जग्गाधनी यी पुनरावेदकले खण्डन गर्न सकेको पनि नदेखिँदा भूमिसम्बन्धी ऐन २०२१ को दफा २६(१) को व्यवस्थाबमोजिम मोहीको एकासगोलको भाइ यी प्रत्यर्थी वादी झुर्रा नाउँका नाममा मोही नामसारी हुने नै देखिन आयो। यी पुनरावेदक प्रतिवादीले यसै जग्गाको सम्बन्धमा मोही लगत कट्टा मुद्दा दिएको भन्नेमात्र आधारमा मोही नामसारी हुन नसक्ने भन्न मिल्ने नहुने।

भूमिसम्बन्धी ऐन २०२१ को दफा २६(१) को कानूनी व्यवस्थाबमोजिम हालको मोहीको मृत्युपछि निजको एकमात्र नजिकको हकवाला एकासगोलको भाइ यी प्रत्यर्थी वादीका नाममा मोही नामसारी हुने नै हुँदा मोही ढोगे नाउँको मोही हक निजको एकासगोलको भाइ झुर्रा नाउँको नाममा नामसारी हुने ठहराएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, नेपालगञ्जको फैसला मनासिब देखिएकाले यस अदालतबाट भएको मुद्दा दोहोर्‍याउने आदेशमा उल्लिखित आधारसँग सहमत हुन नसकिने हुँदा मोही ढोगे नाउँको मृत्युपश्चात् निजको नजिकको हकवाला पत्नी, छोरा र छोरी कोही नभएकाले एकासगोलको भाइ यी प्रत्यर्थी वादी झुर्रा नाउँको नाममा मोही नामसारी हुने ठहराएको सुरू भूमिसुधार कार्यालय बाँकेको निर्णय सदर गरेको पुनरावेदन अदालत नेपालगञ्जको मिति २०६७।२।३१ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७१ साल पुस २५ गते रोज ६ शुभम्।

- यसै लगाउको ०६९-CI-१२९९, मोही लगत कट्टा, *गोकर्णप्रसाद जोशी वि. झुर्रा नाउँ* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

६

**स.का.मु.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०६७-CR-०७९९, आयकर, *आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. ३ लाजिम्पाट वि. ज्योत्सनादेवी केडिया*

करदाताले भन्सार विन्दुमा घोषणा गर्ने भाडाबापतको रकम आयात गर्ने देशबाट नेपालको भन्सारसम्मको रकममात्र हुने भई सम्बन्धित भन्सार बिन्दुबाट करदाताको गोदाम वा फ्याक्ट्रीसम्म ढुवानी गर्ने भाडाको रकम अघिबाटै भन्सार विन्दुमा घोषणा गर्न सम्भव हुँदैन। करदाताले भाडा भरौटबापतमा लागेको खर्चबापतको बिल भरपाइ आन्तरिक राजस्व कार्यालयमा पेस गरी सो बिल भरपाइ उक्त कार्यालयबाट परीक्षण भइसकेको भन्ने कुरामा विवाद छैन। त्यसका अतिरिक्त भन्सार बिन्दुबाट करदाताको गोदामसम्मको भाडा दोहोरो देखाएको भन्ने पनि पुनरावेदक आन्तरिक राजस्व कार्यालयको कथन रहेको देखिँदैन। आयकर ऐन, २०५८ को दफा १३ बमोजिम भाडा भरौटमा खर्च भएको रकम आय गणना गर्ने प्रयोजनको लागि खुद आयमा कट्टा गर्न पाउने भन्ने कानूनी व्यवस्थाबमोजिम यी करदाताले भन्सारबाट करदाताको गोदाम वा फ्याक्ट्रीसम्मको भाडा भरौटमा खर्च भएको भनी देखाएको रकमलाई कानूनविपरीत भन्न नमिल्ने हुँदा भाडा भरौटको खर्चलाई अमान्य गरी खुद आयतर्फ समावेश गर्ने गरी भएको आन्तरिक राजस्व कार्यालयको निर्णय पर्चा उल्टी गरेको राजस्व न्यायाधिकरणको फैसला मनासिब देखिन आएकाले यस अदालतबाट पुनरावेदनको अनुमति प्रदान गर्दा लिइएका आधारसँग सहमत हुन नसकिने हुँदा करदाताको प्रमाणित बिल भरपाइबाट कारोवारको सिलसिलामा खर्च भएको रकमलाई आयमा छुट दिन नमिल्ने भनी छुट नदिएको रकम रू. १३,४०,६१४।- करयोग्य आयमा समावेश गरेको आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र

नं. ३ को निर्णय उल्टी गरेको राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६६।५।२१ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल पुस २१ गते रोज २ शुभम्।

७

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय**, ०६९-CI-०५२२, उत्प्रेषण/परमादेश, *पुष्पराज लामिछाने वि. जिल्ला प्रशासन कार्यालय, कास्कीसमेत*

दाबीको जग्गा २०३२ सालमा तत्कालीन श्री ५ को सरकारका नाममा दर्ता रहेको कुरा निवेदकले निवेदनमा नै स्वीकार गरेका छन्। सो जग्गा र त्यसमा रहेको मन्दिरसमेत निजी गुठीको हो भन्ने निवेदन दाबी रहे तापनि हाल सो जग्गा तैनाथी गुठीको रहेको कुरा विपक्षीको लिखित जवाफसाथ पेस भएको जग्गा धनी प्रमाणपूर्जाको फोटोकपीबाट देखिन्छ । सो तथ्यलाई पुनरावेदकले पुनरावेदनपत्रमा खण्डन गर्न सकेको पनि देखिँदैन। गुठी तैनाथी जग्गामा गुठी संस्थानको सम्पूर्ण अधिकार रहने व्यवस्था गुठी संस्थान ऐन, २०३३ को दफा २(झ) मा रहेको छ। गुठी संस्थानले निवेदकलाई सो मन्दिरको पूजारी तोकेको वा सो मन्दिर र जग्गाको संरक्षण गर्ने जिम्मेवारी दिएको पनि नदेखिने।

विवादित जग्गा र मन्दिर निजी गुठीको हो वा तैनाथी गुठीको हो भन्ने विषयको निरूपण प्रस्तुत निषेधाज्ञाबाट हुने विषय होइन । निषेधाज्ञाको आदेश जारी हुनका लागि विवादित सम्पत्तिमा निवेदकको निर्विवाद हक स्थापित भएको हुनुपर्दछ । तर निवेदन दाबीको जग्गा निजी गुठीको नदेखिइ नेपाल सरकारको नाममा दर्ता रहेको र तैनाथी गुठीको देखिएको हुँदा सो जग्गा र त्यसमा रहेको मन्दिरसमेतमा निवेदकको निर्विवाद हक स्थापित भएको मान्न नमिल्ने हुँदा निवेदन दाबीको जग्गा र मन्दिरसमेतमा निवेदकको निर्विवाद हक स्थापित भएको नदेखिएकाले निवेदकको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पोखराको मिति २०६९।५।६ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल फागुन ३ गते रोज १ शुभम्।

८

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०७०-CI-०००७, निषेधाज्ञा, *रामअधिन यादव वि. भावनाकुमारी सिंह*

विधिवत्‌रूपमा मोहियानी हकको प्रमाण पत्र पाई नसकेको स्थितिमा भूमि सुधार कार्यालयमा दिएको निवेदनका आधारमा मात्र मोहियानी हक कायम भइसकेको मान्न मिल्दैन । निषेधाज्ञाको निवेदनबाट मोहीसम्बन्धी विवादको निरूपण हुने पनि होइन । भूमिसुधार कार्यालयमा दिएको निवेदनबमोजिम पुनरावेदकका नाममा मोही नामसारी हुने हो होइन र निजले मोहीयानी हकको प्रमाणपत्र प्राप्त गर्न सक्ने हो होइन भन्ने विषयको निर्क्यौल सोही कार्यालयबाट हुने हुँदा निषेधाज्ञाको निवेदनको रोहबाट सो सम्बन्धमा हस्तक्षेप गर्न पनि नमिल्ने।

मोही कायम भई नसकेका पुनरावेदक/विपक्षीले प्रत्यर्थी/निवेदकका नाममा दर्ता रहेको जग्गामा निजको स्वीकृति वा मन्जुरीबिना प्रवेश गर्न पाउने भन्न नमिल्ने हुँदा यस अदालतबाट प्रत्यर्थी झिकाउने आदेश गर्दा लिइएको आधारसँग सहमत हुन नसकिने हुँदा निवेदकको नाममा दर्ता रहेको जग्गामा प्रवेश नगर्नु भनी निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।१२।२० को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७१ साल फागुन ४ गते रोज २ शुभम्।

९

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०७०-CI-००३७, उत्प्रेषण/

प्रतिषेध, *झरविन्द्रप्रसाद मरासिनीसमेत वि. नेपालगञ्ज नगरपालिका, नेपालगञ्ज, बाँकेसमेत*

निवेदनमा उल्लिखित सटरहरू नेपालगञ्ज नगरपालिकाको स्वामित्वमा रहेको कुरामा विवाद छैन । साबिकमा उक्त सटरहरू नेपालगञ्ज नगरपालिकाले निवेदकलाई भाडामा दिएकामा भाडामा लगाउनका लागि सो नगरपालिकाले प्रकाशित गरेको सूचना बदर गरी पाउन निवेदकले प्रस्तुत निवेदन दिएको देखिन्छ । प्रस्तुत निवेदन निवेदक र नगरपालिकाबीच भएको सटर भाडामा लिने दिनेसम्बन्धी करारसँग सम्बन्धित रहेको देखिन्छ । करारको पालना भए नभएको विषयको निरोपण रिटको रोहबाट हुन सक्दैन । त्यसका लागि मर्का पर्ने पक्षले करार ऐन अन्तरगतको उपचार खोज्नु पर्ने ।

निवेदक र विपक्षी नगरपालिका बीच भएको सटर भाडासम्बन्धी विवाद करारसँग सम्बन्धित विवाद भएको र त्यस्तो विवादको निरोपण रिट क्षेत्रबाट हुन नसक्ने र करारबमोजिम गर्ने कुरामा त्यसले कुनै अन्यथा स्थिति उत्पन्न नहुने हुनाले निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने हुँदा निवेदकको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६९।६।३ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७१ साल फागुन ४ गते रोज २ शुभम् ।

१०

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०७०-CI-००४८, निषेधाज्ञा, *जिल्ला बाँके, इन्द्रपुर गाउँ विकास समिति वडा नं. ९ मानपुरस्थित श्री काली महाकाली मन्दिर संरक्षण समिति बाँकेको तर्फबाट अख्तियार प्राप्त ऐ. का अध्यक्ष असिन चटर्जी वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत*

निवेदनमा उल्लिखित कि. नं. ६९ को जग्गा मन्दिरका नाममा दर्ता नरही पर्ती रहेको तथ्यलाई निवेदक स्वयंले स्वीकार गरेका छन् । मन्दिरका नाममा उक्त जग्गा दर्ता गराउने कुनै कारवाही भए गरेको भन्ने कुरा पनि मिसिलबाट देखिन आउँदैन । निषेधाज्ञा जारी हुनका लागि विवादित सम्पत्तिमा निवेदकको निर्विवाद हक स्थापित भएको हुनुपर्दछ । तर निवेदनमा उल्लिखित जग्गा निवेदकका नाममा दर्ता नभई पर्ती जग्गा रहेको देखिँदा त्यस्तो पर्ती जग्गामा निवेदकको निर्विवाद हक रहेको मान्न नमिल्ने ।

विपक्षीहरू मुरली सिंह र गगन सोनरसमेतले दाबीको जग्गा कब्जा गरेको कुरा पुष्टि हुने कुनै प्रमाण निवेदकले निवेदनसाथ र प्रस्तुत पुनरावेदनसाथ पेस गर्न सकेको देखिँदैन । यसरी विपक्षीहरूले निवेदनमा उल्लिखित जग्गा कब्जा गरेको भन्ने कुरा विवादरहित तवरले निवेदकले पुष्टि गर्न सकेको नदेखिँदा पुनरावेदकको सो पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था रहेको नदेखिएकाले निवेदकको निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०६९।८।१३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल फागुन ४ गते रोज २ शुभम् ।

- यसै लगाउको ०७०-CI-००४९, निषेधाज्ञा, *जिल्ला बाँके, इन्द्रपुर गाउँ विकास समिति वडा नं. ९ मानपुरस्थित श्री काली महाकाली मन्दिर संरक्षण समिति बाँकेको तर्फबाट अख्तियार प्राप्त ऐ. का अध्यक्ष असिन चटर्जी वि. मुरली सिंह ठाकुरसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

११

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०७०-CI-००६३, निषेधाज्ञा, *औधमान लावतीसमेत वि. कुमार लावतीसमेत*

निवेदनमा उल्लिखित जग्गा निवेदकहरूका नाममा दर्ता रहेको तथ्यलाई विपक्षीहरूले समेत

स्वीकार गरेका छन् । कुनै पनि व्यक्तिका नाममा दर्ता रहेको जग्गामा दर्तावालाको मन्जुरी वा स्वीकृति बिना कसैले कुनै पनि किसिमको निर्माण कार्य गर्न वा अन्य तवरले अतिक्रमण गर्न पाउने हुँदैन । एकाका नाममा रहेको जग्गामा अर्काले कुनै किसिमको निर्माण कार्य गरेमा वा अतिक्रमण गरेमा नागरिक अधिकार ऐन, २०१२ को दफा ६ (६) र दफा ९ समेतद्वारा नागरिकको सम्पत्तिसम्बन्धी अधिकारमा प्रतिकूल असर पर्न जाने हुन्छ र त्यस्तो कार्यलाई गैरकानूनी कार्य मान्नुपर्ने हुन्छ । निवेदनमा उल्लिखित जग्गा निवेदकहरूका नाममा दर्ता र हकभोगमा रहेको स्थितिमा निजहरूको स्वीकृति वा मन्जुरीबिना सो जग्गामा विपक्षीहरूले नयाँ कुलो निर्माण गर्न पाउने अवस्था नदेखिने हुँदा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत इलामको मिति २०६९।११।२३ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटर सेटिङः विकेश गुरागाई

इति संवत् २०७१ साल फागुन ४ गते रोज २ शुभम् ।

१२

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०७०-CI-०४२२, उत्प्रेषण/निषेधाज्ञा/परमादेश, *ममताज मियाँसमेत वि. जिल्ला प्रशासन कार्यालय, भरतपुर चितवनसमेत*

विवादित मासु बिक्री वितरणबाट जनस्वास्थ्यमा प्रतिकूल असर पर्न जाने भएकाले बाख्रीको मासु पसल सञ्चालन गर्न दिएको इजाजतपत्र खारेज गरी बाख्रीको मासु बिक्री वितरणमा रोक लगाएको भन्ने विपक्षीको लिखित जवाफबाट देखिन आएको हुँदा बाख्रीको मासु बिक्री वितरणमा प्रतिबन्ध लगाउनका लागि बाख्रीको मासु पसल सञ्चालन गर्न निवेदकहरूलाई दिएको इजाजत रद्द गर्ने भरतपुर नगरपालिका र रत्ननगर नगरपालिकाको निर्णयलाई कानूनविपरीत मान्न नमिल्ने हुँदा पशु बधशाला तथा मासु जाँच ऐन, २०५५ लागू भई नसकेको स्थितिमा सो ऐनको दफा २४ समेत स्वतः लागू भई नसकेको मान्नुपर्ने हुँदा दफा २४ ले खारेज गरेको मुलुकी ऐन, चौपायाको महलको ३ नं. खारेज भएको भन्न नमिल्ने भई क्रियाशील रहेको मान्नु पर्ने र मुलुकी ऐन, चौपायाको महलको ३ नं. ले बाख्रीको बध गर्नमा प्रतिबन्ध लगाएको तथा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६ को उपदफा (१) को खण्ड (छ) को देहाय (६) बमोजिम जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने उपयोग्य वस्तुको बेचबिखन र उपभोगमा नगरपालिकाले रोक लगाउन सक्ने भएबाट निवेदकको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।३।५ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल फागुन ४ गते रोज २ शुभम् ।

१३

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०७०-CI-०५४१, उत्प्रेषण/परमादेश, *ज्ञानु डोल्मो पोखरेल वि. पुण्यप्रसाद सङ्ग्रौलासमेत*

निवेदकउपर पुण्यप्रसाद संग्रौलाले दिएको लेनदेन मुद्दामा गोरखापत्र दैनिकमा प्रकाशित सूचनामा निवेदकको वतन इलाम जिल्ला, पञ्चकन्या गाउँ विकास समिति वार्ड नं. ७ समेत उल्लेख भएको देखिएको र जिल्ला अदालत नियमावली, २०४९ को नियम २२क को उपनियम (१) को खण्ड (ख) बमोजिम गोरखापत्र दैनिकमा सूचना प्रकाशित गरी म्याद जारी गर्न सकिने कानूनी व्यवस्था रहेको हुँदा उक्त गोरखापत्रमा प्रकाशित सूचनाद्वारा तामेल भएको म्यादलाई कानूनविपरीत मान्न मिलेन । साथै निवेदकले उक्त गोरखापत्रमा प्रकाशित सूचनाबमोजिमको म्याद बदर गरी प्रतिउत्तर फिराउन पाउँ भनी मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २०८ नं. बमोजिमको प्रक्रिया अपनाएको पनि नदेखिने ।

निवेदक र विपक्षीबीच चलेको लेनदेन मुद्दामा जारी भएको म्याद रीतपूर्वक तामेल हुन नसकेपश्चात् निजका नाममा गोरखापत्र दैनिकमा सूचना जारी गरी तामेल भएको म्याद कानूनबमोजिमको देखिएको र

काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।२।१० मा भएको फैसलाका सम्बन्धमा निजले मुलुकी, ऐन अदालती बन्दोबस्तको महलको २०८ नं. बमोजिमको वैकल्पिक उपायको अवलम्बनसमेत गरेको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने स्थिति र अवस्था देखिएन। निवेदकको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत पाटनको मिति २०६९।१०।२४ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल फागुन ४ गते रोज २ शुभम्।

१४

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०६८-CI-१०५०, परमादेश, *सुरेशप्रसाद यादव वि. मालपोत कार्यालय, महोत्तरी, जलेश्वर*

सार्वजनिक पदाधिकारीले कानूनबमोजिम गर्नु पर्ने कार्य नगरेमा वा नगर्नु पर्ने कार्य गरेमा परमादेश जारी हुने हुन्छ। तर विपक्षी मालपोत कार्यालयले निवेदन दाबीका जग्गा निवेदकका नाममा दाखिल खारेज गर्न इन्कार गरेको देखिँदैन। निवेदकको मागबमोजिम जग्गा दर्ता गर्ने सम्बन्धमा कारवाही भइरहेको अवस्थामा परमादेश जारी गर्नु कानून र न्यायसङ्गत नहुने ।

मालपोत कार्यालयमा निवेदकले दिएको निवेदन कारवाहीयुक्त अवस्थामा रहेको देखिँदा निवेदकको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।२।३१ को फैसला सदर हुने।

सार्वजनिक अधिकारीले आफूसमक्ष परेको निवेदन अनिश्चितरूपमा लामो समयसम्म कारवाही नटुङ्ग्याई बस्न मिल्दैन । ढिलो कारवाही गर्नु वा अनिश्चितरूपमा कारवाही लम्ब्याउनु कारवाही नगर्नुसरह नै हुन्छ । प्रस्तुत निर्णयपश्चात् पनि लामो समयसम्म निवेदनको कारवाही टुङ्गो नलगाएमा विपक्षी भूमिसुधार कार्यालयउपर उपयुक्त कारवाही गरी पाउने निवेदकको हक सुरक्षित नै रहन्छ र विपक्षी कार्यालयलाई बाध्यात्मक कारवाही गर्नुपर्ने अवस्था हुन आउने।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल फागुन ४ गते रोज २ शुभम्।

१५

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०७०-CI-०२२७, निषेधाज्ञा/परमादेश, *महानगरीय ट्राफिक प्रहरी कार्यालय, गौशाला, काठमाडौं वि. नरेश डङ्गोल*

निवेदनमा उल्लिखित कि.नं. ६१ को जग्गा निवेदकका नाममा दर्ता रहेको भन्ने निवेदनसाथ पेस भएको जग्गाधनी प्रमाण पुर्जाको फोटोकपीबाट देखिन्छ। उक्त जग्गा हाल साबिक गरी पाउँ भनी निवेदकले मिति २०६८।४।५ मा द.नं. ४३७ को निवेदन मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंमा दिएकामा हाल साबिक हुने नहुने भन्ने विषयमा निर्णय हुन बाँकी नै रहेको देखिन्छ । सो जग्गामा भौतिक संरचना निर्माण गर्न सक्ने भन्ने निवेदकको आशङ्कालाई विपक्षीले इन्कार गरेको पनि छैन । यसरी निवेदन दाबीको जग्गा निवेदकका नाममा दर्ता रहेको देखिएको र हाल साबिक गरी पाउँ भनी दिएको निवेदन कारवाहीयुक्त अवस्थामा रहेको स्थितिमा सो जग्गामा कुनै किसिमको निर्माण कार्य भएमा निवेदकको नागरिक अधिकार ऐन, २०१२ को दफा ६(६) तथा ९ समेतले प्रदान गरेको सम्पत्तिसम्बन्धी हकमा प्रतिकूल असर पर्ने देखिन आउने हुँदा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।५।१३ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदनको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल फागुन ४ गते रोज २ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CR-००१०, कर्तव्य ज्यान, *पदमबहादुर सावदसमेत वि. नेपाल सरकार*

प्रतिवादीहरूको बयान उक्त स्वतन्त्र प्रमाणहरूबाट समर्थित भएकाले मृतक इन्द्रा जैशीलाई जबरजस्ती करणीपश्चात् यी प्रतिवादीहरूले भोलिपल्ट घाँटी थिची ज्यान मारेको र तत्पश्चात् भेरी नदीमा फालेको भन्ने तथ्य पुष्टि हुन आएको देखिँदा प्रतिवादीहरू पदमबहादुर सावद र काशीराम जोशीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा ऐ. को १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर्‍याएको सुर्खेत जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति २०६६।११।११ को फैसला मनासिब हुँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरू पदमबहादुर सावद र काशीराम जोशीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: नगेन्द्र कुमार कालाखेती

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७० साल चैत ५ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** २०६३-CI-८९५९, ८९६०, जग्गा खिचोला चलन, *अशोककुमार साहसमेत वि. लक्ष्मीप्रसाद साह कानु, राजेश्वरप्रसाद साह वि. लक्ष्मीप्रसाद साह कानु*

विवादित नि.नं. ६ को जग्गाको हकमा नक्सा मुचुल्कामा नै सडक कुलो जनिएको हुँदा वादीले उक्त नक्सा मुचुल्कामा मन्जुर गर्दा आफ्नो हक हुनुपर्ने भने पनि त्यस्तो सडक कुलो भएको जग्गा निजी हक कायम रहेको मान्न नमिल्ने हुँदा वादीको सो जिकिरसम्म स्वीकार्य भएन । अब न.नं. ५ को ०-०-५ क्षेत्रफल जग्गासम्म प्रतिवादीले खिचोला गरेको देखिँदा सो हदसम्म वादीको जग्गा प्रतिवादीले खिचोला गरेको ठहर्‍याउनुपर्नेमा सोभन्दा बढी जग्गा खिचोला गरेको ठहर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६१।१२।३ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल कात्तिक १७ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६५-CI-०५२३, निर्णय बदर, *सल्मा मुस्तफासमेत वि. कलिफ मोहम्मद मुस्तफासमेत*

प्रतिवादी कलिफले आफ्नो प्रतिउत्तर जिकिरमा आफूहरू विदेशी भएकाले त्यस्तो सम्पत्ति मुलुकी ऐन, अदलको महलको ३ नं. अनुरूप हुने भन्नेसमेतलाई स्वीकार गरेको देखिएको र मालपोत कार्यालयले मुलुकी ऐन, अदलको महलको ३ नं. को अधीनमा रही मोना मुस्तफाको नाममा नामसारी गर्ने निर्णय गरेको र बिक्री गर्नसम्म सक्ने गरी अधिकार दिएको कार्य कानूनसम्मत हुँदा उक्त निर्णयले यी वादीका हकमा असर पुर्‍याएको भन्ने देखिन नआउने ।

मालपोत कार्यालयले मुलुकी ऐन, अदलको महलको ३ नं. को अधीनमा रही मोना मुस्तफाको नाममा दाबीको घर जग्गासमेत नामसारी गर्ने गरी गरेको निर्णय र निजले बिक्री गर्नसमेत सक्ने गरी गरेको मालपोत कार्यालय, ललितपुरको निर्णयसमेत कानूनसम्मत देखिँदा सुरू ललितपुर जिल्ला अदालतले उक्त मालपोत कार्यालय ललितपुरको निर्णय बदर हुन नसक्ने ठहरी गरेको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६४।३।५ को फैसला मिलेकै देखिँदा सदर हुन्छ । यस अदालत, संयुक्त इजलासबाट प्रस्तुत मुद्दामा निस्सा प्रदान गर्दा लिइएका आधार कारणहरूसँग सहमत हुन नसकिने ।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल माघ ५ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला

भएको छ:

- ०६५-CR-०४८२, जालसाजी, *सल्मा मुस्तफासमेत वि. रामबहादुर आचार्यसमेत*
- ०६५-CI-०५२२, अंश चलन, *सल्मा मुस्तफासमेत वि. कलिफ मोहम्मद मुस्तफासमेत*
- ०६५-CI-०५२४, संरक्षक बदर, *सल्मा मुस्तफासमेत वि. कलिफ मोहम्मद मुस्तफासमेत*

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६४-CI-०६१५, लिखत बदर, *सल्मा मुस्तफासमेत वि. कमला घलेसमेत*

दाबीको कि.नं. ८६९ को जग्गा यी मोना मुस्तफाको संरक्षक बनी पम्फा तामाङले मिति २०५९।९।२२ मा कमला घलेलाई हक हस्तान्तरण गरेको देखिएको र विवादित घर जग्गा हक हस्तान्तरण भै तेस्रो चौथो व्यक्तिको नाउँमा गैसकेको भन्नेसमेत कमला घलेका तर्फबाट प्रतिरक्षा गर्ने कानून व्यवसायीले इजलाससमक्ष प्रकाश पारेकोसमेत अवस्था रहेकाले सोउपर छुट्टै दाबी गरी हक प्राप्त गर्न सक्नुपर्नेमा यी पुनरावेदक वादीले सोसमेत गर्न सकेको देखिँदैन । मोना मुस्तफाले निजकी आमा बिन्दा तामाङको स्त्री अंशधनअन्तर्गत प्राप्त गरेको सम्पत्तिलाई आफूखुसी गर्न नपाउने नदेखिने ।

यी पुनरावेदक वादीले दाबी गरेको उक्त घर जग्गा प्रत्यर्थी मोना मुस्तफाकी आमा बिन्दा तामाङले बकसपत्रबापत प्राप्त गरी आफूखुस गर्न पाउने स्त्री अंशधनअन्तर्गत प्राप्त भई मोना मुस्तफाको संरक्षक भै पम्फा तामाङको कायम भएको र त्यस्तो जग्गा निजले आफूखुसी गर्नसमेत पाउने हुँदा सो जग्गा तथा घरमा वादीको दाबीबमोजिम अंशबन्डा लाग्नसमेत सक्ने स्थिति नदेखिने हुँदा बन्डा नलाग्ने दाता बिन्दा तामाङले आफूखुस गर्न पाउनेसमेतको दाबीको घर जग्गालाई आफ्नो छोरी मोना मुस्तफाको नाउँमा जाने गरी हस्तान्तरण गरिएको त्यस्तो सम्पत्तिलाई मोना मुस्तफासमेतले आफूखुस गर्न पाउने भै र.नं. ४३०८ मार्फत कमला घलेलाई हक हस्तान्तरण गरी दिएको कार्य कानूनसम्मत समेत देखिँदा सुरू ललितपुर जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी लिखत बदर हुनुपर्दछ भन्ने वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेतको आधार लिई पुनरावेदन अदालत, पाटनबाट मिति २०६४।३।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुन्छ । यस अदालत संयुक्त इजलासबाट प्रत्यर्थी झिकाउने गरी भएको आदेशमा लिइएका तर्कसँग यो इजलास सहमत हुन नसक्ने ।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल माघ ५ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६५-CI-०१५९, करारबमोजिम रकम दिलाई पाउँ, *गोपालबहादुर श्रेष्ठ वि. भारत पुने, श्री लक्ष्मण राव किर्लोस्कर रोड स्थित किर्लोस्कर आयल इन्जिन लिमिटेडसमेत*

सुरू काठमाडौं जिल्ला अदालतले सद्दे किर्तेमा बयानसमेत गराएको भएपछि सोसमेतको निर्णय बोली वादीले दाबीबमोजिमको रकम पाउने नपाउने आधारभूत विवादको विषय वस्तुमा निर्णय गर्नुपर्ने हुन्छ । करारअनुरूपको दाबीको विषयमा परेको फिरादको आधारभूत प्रश्नमा प्रवेश नै नगरी सक्षम अदालतले निर्णय गर्न नमिल्ने ।

मुद्दामा उपस्थित सबै प्रश्नमा निर्णय गर्नुपर्ने जिम्मेवारी भएको अदालतले प्राप्त प्रमाणको विवेचना गरी दाबी पुग्ने वा नपुग्ने सम्बन्धमा निर्णय गर्नुपर्ने हुन्छ । आफूसमक्ष परेको विवादको रोहमा प्रमाण बुझिसकेपछि प्राप्त प्रमाणका आधारमा विवादको निरूपण गर्नुपर्ने दायित्व सक्षम अदालतमा रहने हुन्छ । सुरू काठमाडौं जिल्ला अदालतले सद्दे किर्तेतर्फको प्रक्रिया पूरा गरिसकेपछि विवादको तथ्यमा प्रवेश गरी जे ठहर्छ । सो निर्णय गर्नुपर्नेमा सो नगरेको हुँदा पुनरावेदन अदालत, पाटनबाट प्रस्तुत मुद्दामा लिइएको दाबी सम्बन्धमा के

हुने हो दाबी पुग्न सक्ने हो होइन सो गराउनको लागि सुरू काठमाडौं जिल्ला अदालतमा प्रस्तुत मुद्दाको मिसिलसहित पक्ष विपक्षहरूलाई पठाइदिने गरी भएको मिति २०६५।५।२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल मङ्सिर २८ गते रोज १ शुभम्।

- ०६५-CI-०१५८, करारबमोजिम रकम दिलाई पाउँ, *जयप्रसाद बजगाईं वि. भारत पुने, श्री लक्ष्मण राव किर्लोस्कर रोडस्थित किर्लोस्कर आयल इन्जिन लिमिटेडसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CR-०८२५, करकाप, *गोपालबहादुर श्रेष्ठ, वि. सुरेश गलगली*

यी पुनरावेदक वादी र विपक्षी प्रतिवादीउपर भएको लेनदेनको विषयलाई लिएर मिति २०६३।२।११ मा लेनदेन मुद्दा दायर भएको र प्रस्तुत करकाप मुद्दाको फिराद मिति २०६३।२।३१ मा परेको मिसिलको व्यहोराबाट देखिन्छ। मिसिल संलग्न मिति २०५३।२।१६ को लिखतको व्यहोरा हेर्दा उक्त लिखतसमेत अस्वाभाविक तवरबाट भएको भन्ने पनि देखिन्न। यी प्रत्यर्थी कम्पनी र आफूहरूकाबीच हिसाबकिताबका बारेमा छलफल भएकै क्रममा विपक्षीले लेखेर तयार पारेको कागजमा आफू र जयप्रसाद बजगाईंलाई डर धाक दिई जबर्जस्तीरूपमा सही गराएको भन्नेसमेतको पुनरावेदक वादीको फिराद लेखबाट देखिँदा कम्पनी र आफूहरूबीच हिसाबकिताब भएको भन्ने देखिएको छ। उक्त २०५३।२।१६ मा भएको कपाली तमसुकको विषयलाई लिएर यी पुनरावेदकउपर विपक्षी कम्पनीले लेनदेन मुद्दा दायर गरेको छ। तर पुनरावेदक वादीले आफ्नो जिकिरमा विपक्षीद्वारा मिति २०६३।२।६ मा करकापको लिखत खडा गरेको भनी जिकिर लिएको देखियो। मिति २०५३।२।१६ को लिखत अस्वाभाविकरूपमा खडा भएको भए वा त्यस्तो लिखत अस्तित्वमा नरही यी पुनरावेदकले उल्लेख गरेजस्तो २०६३।२।६ को अन्य कुनै लिखित रहे भएको भए पनि यी पुनरावेदक वादीले दाबी गरेजस्तो विपक्षी कम्पनीले निजहरूउपर करकापपूर्ण तरिकाले लिखत गराए होला भनी अर्थ गर्न सकिने हुन्छ। तर यी पुनरावेदकउपर विपक्षी कम्पनीका तर्फबाट करकापसँग लिखत गराएको भन्ने वस्तुनिष्ठ तवरबाट प्रमाण पेस हुन नसकेको अवस्थामा फिराद दाबीकै भरमा करकापपूर्ण तरिकाले लिखत खडा भएको भन्ने अर्थ गर्न नमिल्ने।

पुनरावेदकउपर विपक्षीबाट करकापपूर्ण तरिकाले लिखत खडा गरेको भन्ने दाबी पुष्टि गर्ने आधारसमेत नदेखिँदा करकापको दाबी पुग्न नसक्ने ठहरी भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६४।१।१२ को फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६५।५।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुन्छ। वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल मङ्सिर २८ गते रोज १ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CR-०८२६, करकाप, *जय प्रसाद बजगाई, वि. सुरेश गलगली*
- ०६७-CI-०९५८, लेनदेन, *गोपालबहादुर श्रेष्ठ, वि. सुरेश गलगली* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।
- ०६७-CI-०९५९, लेनदेन, *जय प्रसाद बजगाई, वि. सुरेश गलगली* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६६-CR-०६१७, ०६४५, ०७९८, ०८२८, ०६७-CR-०१६०, गैंडालाई गोली हानी मारी खाग बिक्री, *सूर्यबहादुर कुमाल वि. नेपाल सरकार, भोजबहादुर कुमाल वि. नेपाल सरकार, काइला भन्ने*

*दुर्गाबहादुर ब्लोनसमेत वि. नेपाल सरकार, कृष्णबहादुर स्याङ्तान वि. नेपाल सरकार, नेपाल सरकार वि. माइला मगर भन्ने रामबहादुर आलेमगरसमेत*

प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा निजहरूले पुनरावेदनपत्रमा जिकिर लिए जस्तै स्वेच्छाले बयान गर्न पाएको नभै डर धाकमा परी लेखी राखेको बयान कागजमा सहीछापमात्र गरेको भए मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गर्दा सोही कुरा उल्लेख गरी कसुर अपराध गरेमा इन्कार रही बयान गरेको हुनु पर्नेमा साबित भै आफू संलग्न भएको घटनाको सविस्तार सिलसिलेवाररूपमा घटना विवरण उल्लेख गरी बयान गरेको पाइँदा निजहरूको उक्त जिकिर विश्वसनीय तथा कानूनसम्मतसमेत रहेको देखिन नआउने।

प्रतिवादीहरू भोजबहादुर कुमाल, ध्यारे माइला भन्ने रामबहादुर आले मगर र ब्लोन काइला भन्ने दुर्गाबहादुर ब्लोन २०५८ साल चैत महिनामा दुधौरा खोला एरियामा आफूसमेत संलग्न भई गोली प्रहार गरी गैंडा मारी खाग बिक्रीबाट प्राप्त रकम बाँडी खाएको कुरामा अनुसन्धान र मुद्दा हेर्ने अधिकारीसमक्ष साबित भई एक अर्कामा पोल गरेकोसमेत देखिन्छ। निजहरूको उक्त साबितीमाथि उल्लिखित मृत गैंडाको घटनास्थल तथा लाश प्रकृति मुचुल्कासमेतबाट समर्थित भएको हुँदा यी प्रतिवादीहरू गैंडा जस्तो लोपोन्मुख संरक्षित जनावर मार्ने कार्यमा संलग्न रहेको पुष्टि हुन आउने।

प्रचलित नेपाल कानूनले गैंडालाई संरक्षित जनावरहरूको सूचीमा सूचीकृत गरी गैहकानूनी तरिकाले गैंडा मार्ने कार्यलाई निषेध गरेको छ। चितवन राष्ट्रिय निकुञ्ज जस्तो विश्व सम्पदा सूचीमा सूचीकृत देशको गौरवको रूपमा संरक्षित रहेको गैंडाजस्तो लोपोन्मुख जनावरको संरक्षण गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेमा दुईमत हुन सक्दैन। यस परिप्रेक्ष्यमा सुरू मिसिल संलग्न मिति २०५९।१।३० र २०६१।१२।२ का मृत गैंडाको घटनास्थल तथा लास जाँच मुचुल्कामा उल्लिखित गैंडा मार्ने कार्यमा यी प्रत्यर्थी प्रतिवादीहरू र पुनरावेदक प्रतिवादीहरू योजनाबद्ध र सुनियोजित ढङ्गले समूहगतरूपमा संलग्न रही खाग बिक्री गरी रकमसमेत बाँडी खाएको देखिँदा तीनीहरूमध्ये कोही मुख्य प्रतिवादी र कोही मतियार रहेको भन्ने नभै यी सबै प्रतिवादीहरू समानस्तरका प्रतिवादी रहेको भन्ने कुरा मिसिल प्रमाणबाट स्पष्ट छ। उक्त ऐनले एकभन्दा बढी गैंडा मार्ने कार्यमा संलग्न रहेका प्रतिवादीलाई बढी सजाय तथा एकपटकमात्र त्यस्तो कार्यमा सहभागी हुनेलाई घटी सजाय हुने भन्ने व्यवस्था गरेको नभै गैंडा मार्ने कार्यमा संलग्न हुने व्यक्तिलाई पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना वा पाँच वर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरी न्यायकर्तालाई विधायिकाले तोकेको उक्त सीमाभित्र रही मुद्दाको प्रकृति र अवस्थासमेतलाई मध्यनजर गरी त्यस्तो कार्यमा संलग्न प्रतिवादीहरूलाई सजाय तोक्दा केही मात्रामा स्वविवेकीय अधिकार प्रयोग गर्ने छुटसम्म प्रदान गरेको देखिन्छ तर त्यस्तो स्वविवेकीय अधिकार प्रयोग गर्दा न्यायकर्ताले आत्मगतरूपमा नभै मिसिलबाट देखिएको तथ्य र कसुरको गाम्भिर्यतामा आधारित रही गर्नुपर्ने हुन्छ। सुनियोजित ढङ्गले गम्भीर अपराधमा संलग्न हुने व्यक्तिका हकमा सजायको मात्रा पनि उपयुक्त ढङ्गले बढ्न जाने स्वाभाविक अवस्था रहन्छ। त्यस्तोमा न्यायकर्ताले अनावश्यकरूपमा उदारता देखाउन जरूरी हुँदैन। कसुरको गाम्भिर्यताअनुसार पर्याप्त सजाय गर्न न्यायकर्ताले हिच्किचाउन पनि हुँदैन। कसुर गरेकामा कसुरको मात्राअनुसार सजाय नगरी कम वा हलुका ढङ्गले सजाय गर्ने हो र सङ्गठित अपराधको रूपमा रहेका आर्थिक र वातावरणीय अपराधमा हलुका दृष्टिकोण अपनाउने हो भने अपराधकर्मी उत्साहित भै देश र समाजले अपूरणीय क्षति व्यहोरिरहनु पर्ने हुन आउने हुँदा कानूनद्वारा संरक्षित जनावरहरूको सूचीमा सूचीकृत गैंडा जस्तो दुर्लभ लोपोन्मुख जनावर मार्ने कार्यमा यी पुनरावेदक प्रतिवादीहरू कृष्णबहादुर स्याङ्तान, सूर्यबहादुर कुमाल, भोजबहादुर कुमाल, ब्लोन काइला तामाङ भन्ने दुर्गाबहादुर ब्लोन, ध्यारे माइला मगर भन्ने रामबहादुर आलेमगरसमेतका प्रतिवादीहरू योजनाबद्ध र सुनियोजितरूपमा गैंडा मार्ने कार्यमा संलग्न भई खाग बिक्रीबाट आर्थिक लाभसमेत

प्राप्त गरेको देखिँदा यी प्रतिवादीहरूलाई सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) र १९(१) को कसुर अपराधमा सोही ऐनको दफा २६(१) बमोजिम जनही कैद वर्ष १५ र रू. १,००,०००।– जरिवाना हुने ठहर्‍याएको मिति २०६५।५।२४ को फैसला प्रतिवादी कृष्णबहादुर स्याङ्तानको हकमा सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।८।२३ को फैसला सदर हुने ठहर्छ । निजको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

पुनरावेदक प्रतिवादीहरू सूर्यबहादुर कुमाल, भोजबहादुर कुमाल, ब्लोन काइला तामाङ भन्ने दुर्गाबहादुर ब्लोन, ध्यारे माइला मगर भन्ने रामबहादुर आले मगरका हकमा सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले गरेको उक्त फैसला केही उल्टी गरी निजहरूलाई जनही कैद वर्ष १० र रू. ७५,०००।– जरिवाना गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको उक्त फैसला मिलेको नदेखिँदा केही उल्टी भै निजहरूलाई जनही कैद वर्ष १५ (पन्ध्र) र रू. १,००,०००।– (एक लाख) जरिवाना हुने ठहर्छ । निजहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल असोज २८ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०७०१, अनियमित काठ चोरी, निकासी, *नेपाल सरकार वि. अमृतबहादुर लामासमेत*

उद्योगसम्म आफ्नो रहेको र काष्ठ उद्योगमा ग्राहकले ल्याउने काठका बारेमा उद्यमी व्यवसायीलाई सबै कुरा थाहा हुने भनी अनुमान गरी सोही आधारमा यी प्रतिवादी इमबहादुर घिमिरेलाई अभियोग दाबीअनुरूप सजाय गर्न मनासिब नहुने ।

अर्का प्रतिवादी यामबहादुर पन्तले आफ्नो बयानमा वारदातमा प्रयोग भएको उक्त मिनी ट्रकको गाडी धनी तोरणबहादुर बानियाँ भै निज विदेश गएपछि सो गाडी आफूले सञ्चालनसम्म गरेको भनेको देखिन्छ । गाडीधनी अर्कै भै सो गाडी सञ्चालन गरेकोसम्मको कारणबाट प्रतिवादी यामबहादुर पन्तलाई सजाय गर्न नमिल्ने ।

प्रस्तुत मुद्दामा वारदातको रूपमा प्रयोग भएको सवारी साधन मिनी ट्रकको धनी तोरणबहादुर भै निज विदेश गएका कारण आफूले सो सवारी साधन सञ्चालनसम्म गरेको भनी प्रतिवादी यामबहादुर पन्तको बयानबाट देखिई यी सवारी धनीको उक्त वन पैदावार ओसारपसार कार्यमा निजको सवारी साधन प्रयोग भइरहेको निजलाई जानकारी भएको वा त्यस्तो कार्यमा निजको अनुमती, मन्जुरी वा सहमति रहेको भन्नेसमेतको वस्तुनिष्ठ प्रमाण पेस हुन नसकेको देखिएबाट उक्त वारदातमा प्रयोग भएको भनिएको सवारी साधन जफत हुनुपर्ने भन्नेसमेतको वादी नेपाल सरकारको पुनरावेदन जिकिर उल्लिखित नजिरको सन्दर्भमा समेत उपयुक्त नदेखिँदा सो पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिँदा सुरू गोरखा जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, पोखराबाट मिति २०६७।३।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुन्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

इति संवत् २०७१ साल मङ्सिर २९ गते रोज २ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.** ०७०-WO-००५९, उत्प्रेषण, *अनितादेवी वि. शिव प्रसन पण्डित कुम्हारसमेत*

मिति २०६९/१२/२० मा दाबीको जग्गा फुकुवा गरी पाउँ भनी विपक्षीमध्येका जग्गा दर्तावाला शिव प्रसन पण्डितबाट परेको निवेदनमा

जग्गा फुकुवा गर्न मिलेन भनी आदेश गरेको देखियो । सो जग्गा फुकुवा नहुने भनी भएको आदेशउपर लेनदेन मुद्दाको प्रतिवादीबाहेक प्रतिवादीको बाबुले पुनरावेदन अदालत, हेटौंडासमक्ष दिएको अ.बं. १७ नं. अनुसारको निवेदनमा पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०/२/२३ मा जग्गा फुकुवा गर्ने गरी सुरू अदालतको आदेश बदर गरी भएको आदेश सो मुद्दाको प्रयोजनको लागि कानूनसम्मत हुन नसक्ने ।

विपक्षी शिव प्रसन पण्डितले जग्गा फुकुवा गरी पाउँ भनी पर्सा जिल्ला अदालतमा दिएको निवेदनमा फुकुवा गर्न मिलेन भनी भएको आदेशलाई बदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०/२/२३ को आदेशसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । सो ठहर्नाले समेत सम्बन्धित लेनदेन मुद्दाको फैसला सम्बन्धमा साहूले फैसला कार्यान्वयनको सिलसिलामा कारवाही चलाएमा कानूनबमोजिम फैसला कार्यान्वयनको कारवाही गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत : शान्तिप्रसाद आचार्य

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७२ साल असार ३० गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.** ०६८-CR-०३३५, ज्यान मार्ने उद्योग, नेपाल सरकार *वि. प्रेम शाही*

प्रस्तुत वारदातमा पीडितको शरीरमा भएको घाउ चोटको अवस्था सामान्य प्रकृतिको देखिन आएको र सो कुरालाई प्रतिवादीका साक्षीले अदालतमा गरेको बकपत्र र जाहेरवाला स्वयम्ले अदालतमा आई झगडासम्म भएको भनी दिएको निवेदन व्यहोराबाट समर्थित गरेको देखिँदा प्रस्तुत वारदात ज्यान मार्ने उद्योगको श्रेणीअन्तर्गत पर्ने नदेखिई कुटपिटसम्म भएको पुष्टि हुन आउने ।

कुटपिटको वारदात र ज्यान मार्ने उद्योगको वारदात नितान्त फरक प्रकृतिका अपराध हुन् । ज्यान मुद्दामा रहने आपराधिक तत्त्वहरू मनसाय, योजना, तयारी र कार्य (Commission of Crime) ज्यान मार्ने उद्योगमा समेत समानरूपमा रहेका हुन्छन् तर ज्यान मार्ने उद्योगमा केवल प्रतिवादीले इच्छाएको परिणाम मात्र प्राप्त गरेको हुँदैन । ज्यान मार्ने उद्योगमा कर्ताको कार्य अपराधका मनसाय, योजना तयारी जस्ता सबै चरण पार गरी अपराध घटाउन नजिक पुगेको (Substantive step approachoach) र केही हस्तक्षेपका कारण उसको इच्छित परिणाम carry out हुन नपाई अपराध गर्न असफल भएको (Last step approach) अवस्था रहन्छ । कुटपिटमा सामान्य चोट पुर्‍याउने उद्देश्य निहित रहनुका साथै परिणामको पूर्व जानकारी (Foresightness of Concequences) पनि नभई ज्यानै लिने उद्देश्यले प्रहार गरेकोसमेत हुँदैन भने ज्यान मार्ने उद्योगमा सो अवस्था नरही प्रतिवादी कर्ताले पूर्व मनसाय राखी तयारीकासाथ इच्छित परिणाम प्राप्त गर्न उन्मुख भई काम गरेको हुन्छ केवल इच्छाएको परिणाममात्र पुरा भएको हुदैन । ज्यान मार्ने उद्योगमा मनसाय तत्त्वले ठूलो महत्त्व राख्छ । मनसाय थियो वा थिएन भन्ने कुरा पीडितउपर प्रहार गरेको हतियार र सोको प्रयोगमा प्रयोग गर्ने व्यक्तिको इच्छामा निर्भर रहने गर्दछ । प्रस्तुत मुद्दामा ज्यानै मार्ने उद्देश्यले पूर्वतयारीका साथ वारदात घट्न पुगेको भन्ने कुरा निर्विवादरूपमा प्रमाणित हुन नसकेको र वारदातको प्रकृति, घाउचोटको अवस्थासमेतलाई विचार गर्दा उक्त वारदात ज्यान मार्ने उद्योगअन्तर्गतको रहेछ भन्ने कुरा शङ्कारहित तवरबाट पुष्टि भएको नदेखिँदा पुनरावेदन अदालत, दिपायलको फैसला मिलेकै देखिने ।

ज्यान मार्ने उद्योग जस्तो अपराधको मनसाय (Intention) योजना तयारी र कार्य (Planning and Connisson) एवम् अपराधको प्रकृति (Nature of Crime) समेत नदेखिएकाले सुरूको फैसला सदर गरी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा परिणत हुने ठहर्‍याएको पुनरावेदन अदालत, दिपायलको मिति २०६८/२/२ को फैसला

मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७२ साल जेठ ३२ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.** ०६८-CR-०४५५, जबर्जस्ती करणी, *नेपाल सरकार वि. पदमबहादुर थापा*

मुलुकी ऐन, ज.क.को महलको ३(क) को कानूनी व्यवस्था हेर्दा "...अपाङ्ग महिलालाई जबरजस्ती करणी गर्नेलाई थप सजाय हुने" भनी उल्लेख गरेको छ। निजको अपाङ्गता सम्बन्धमा स्पष्ट हुने तथ्य मिसिल कागजबाट देखिँदैन। आफूमाथि हुन गइरहेको कार्यको प्रकृति र परिणामका बारेमा बोध नभएको अवस्थाकी यी पीडित रहिछन् कि भन्ने स्थिति निजको प्रहरीसमक्षको मौकाको कागजको व्यहोराबाट भन्न मिल्ने देखिएन। प्रतिवादीले रूपैयाँ दिई विवाह गर्छु भनी करणी गरेको निजले मौकाको कागजमा उल्लेख गरेबाट पीडितलाई आफूमाथि भइरहेको क्रियाका बारेमा पूर्वज्ञान रहेको भन्ने कुरा पुष्टि हुन आउने।

जबर्जस्ती करणीको कारणले मात्र कन्याजाली फाट्छ भनी अनुमान गर्न सकिँदैन। कुनै वस्तुमाथि खसेर, बाह्य वस्तुबाट हस्तमैथुन गरेर, बाह्य वस्तु योनीमा प्रवेश गराएर जस्ता विविध कारणबाट पनि महिलाको Hymen फाट्नसक्ने हुन्छ। अतएव सबै प्रकारका मानवीय व्यवहार फौजदारी कानूनको विषय हुन सक्दैन। जुन Conduct wrongful or harmful प्रकृतिको हुन्छ त्यस्ता व्यवहार फौजदारी कानूनको विषयवस्तुभित्र पर्दछन्। फौजदारी कानूनले त्यस्ता व्यक्तिलाई दोषी देख्दछ जसले फौजदारी कानूनविपरीत कार्य गरेको हुन्छ। जबर्जस्ती करणीको कसुर स्थापित हुन पीडकको त्यस्तो कार्य ज.क. को १ नं. को परिभाषाभित्र समेटिनु पर्ने हुन्छ। उमेर पुगेको महिला र पुरूषको सहमतिबाट करणी लिनुदिनु गरेको कार्यलाई ज.क. को १ नं. ले Unlawful Act मानेको पनि पाइँदैन। यसरी कानूनले नै Unlawful Act भनी परिभाषित नगरेको अवस्थामा सो कार्यलाई फौजदारी कानूनविपरीतको कार्य मानी सजाय गर्न नमिल्ने।

सरकारी गवाह समेतले अदालतमा उपस्थित भई बकपत्र नगरेको अवस्थामा अनुसन्धानको क्रममा कागज गर्ने व्यक्तिहरूको भनाइलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गर्न मनासिब हुँदैन। अतएव यस अदालतबाट मिति २०६८।६।२५ को मुद्दा दोहोर्याई हेर्ने निस्सा प्रदान गर्ने आदेशमा उल्लिखित आधार र कारणसँग सहमत हुन नसकिने हुँदा यी प्रतिवादीउपरको कसुर शङ्कारहित तवरबाट पुष्टि भएको नदेखिएकाले प्रतिवादीलाई अभियोग दाबीबाट सफाई दिने ठहरी सुरू कैलाली जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ठहर गरेको पुनरावेदन अदालत दिपायलको मिति २०६८।१।७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७२ साल जेठ ३२ गते रोज २ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-०९२९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शत्रूधन मण्डलसमेत*

दाबीबमोजिम सजाय हुनको लागि कुनकुन व्यक्तिको कसको चोटका कारण निज मृतक बेचन यादवको मृत्यु भएको हो स्पष्टरूपमा खुल्न नआएको र मृतकलाई यी प्रतिवादीहरूले मार्नुपर्ने पूर्वीरसइवीसमेत रहेको मिसिल संलग्न कागज एवम् जाहेरवालीको भनाइसमेतबाट केही देखिँदैन। जाहेरवाली रहेकी निजकी श्रीमती तपेश्वरी यादवले जाहेरी दिँदा केही व्यक्तिहरूको नाम किटानी गरी अन्य १०/११ जना व्यक्तिहरूले अपहरण गरी मारेको भनी जाहेरी दरखास्तमा उल्लेख

गरेको र अदालतमा आई बकपत्र गर्दा फरक व्यहोरा उल्लेख गरेको मिसिल संलग्न कागजबाट देखिएको अवस्थामा विरोधाभाषपूर्ण कुराको आधारमा कर्तव्य ज्यान मुद्दामा कुनै अभियुक्तलाई सजाय गर्नु न्यायोचित हुँदैन । कर्तव्य ज्यान जस्तो जघन्य अपराधमा सजाय गर्दा सो कर्तव्य गरेको कुरा शङ्कारहित तवरले पुष्टि हुनुपर्दछ । शङ्काको भरमा सजाय गर्नु फौजदारी न्यायका मान्य सिद्धान्तविपरीत हुन जाने ।

प्रस्तुत वारदातको पृष्ठभूमि र सङ्कलित सबुद प्रमाण, अभियुक्तको बयान, जाहेरवालीको बकपत्र एवम् नेपाल सरकारको निर्णयको आधारमा क्षतिपूर्ति रकम लिएको, चश्मदिद गवाहहरूको विरोधाभाषपूर्ण बकपत्रसमेतका आधारमा प्रतिवादी शत्रूधन मण्डलको हकमा निजलाई सर्वस्वसहित जन्मकैद गरेको सुरूको फैसला नमिलेको हुँदा केही उल्टी भई निजले आरोपित कसुरबाट सफाइ पाउने तथा प्रतिवादीहरू कमरूद्दिन मियाँ, जिवछ मियाँ, जगदिशप्रसाद साह, फिरोज मियाँ, अकवर मियाँ, फेकु मण्डलसमेत हकमा निजहरूलाई सफाइ पाउने ठहरी सिराहा जिल्ला अदालतबाट मिति २०६६।९।८ मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०६७।०३।२९ मा भएको फैसला र प्रतिवादीहरूउपरको आरोपित कसुर शङ्कारहित तवरबाट प्रमाणित हुने अन्य स्वतन्त्र प्रमाण मिसिल संलग्न रहेको नदेखिएको हुँदा यी प्रतिवादीहरू फेकु मण्डल, मो. मुस्तकिम राइन, मो. रिजवान मियाँ, रहमत मियाँ, कन्हैयाप्रसाद गुप्ता र सत्यनारायण मण्डलले आरोपित कसुरमा संलग्नता थियो भनी मान्न नमिल्ने भनी प्रतिवादीहरूले सफाइ पाउने गरी मिति २०६६।११।९ मा सिराहा जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।३।२९ गते भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: खगेन्द्रकुमार खत्री

इति संवत् २०७१ साल माघ ५ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रसाद मिश्र,** ०७०-CI-०४५१, मोही नामसारी, *विष्णुप्रसाद स्वगमिखा वि. सीताराम पक्कासमेत*

मोहीका हकदार मोहीसँग एकासगोलमा नरहेको अवस्थामा मोहीको मृत्यु भएको अवस्थामा जग्गाधनीले जो कोहीलाई पनि मोही पत्याउन सक्ने अवस्थामा प्रस्तुत मुद्दामा मोहीसँग अलग भएका कान्छा छोरा गणेशभक्त स्वंगमिखा कि. नं. ३३६, ३४४, ३४०, ३३८, ३४६, ३४२, ३३७, ३४१ र ३४५ का जग्गामा मोही पत्याएकोलाई कानूनविपरीतको भन्न मिल्ने नदेखिँदा यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्दा लिएको आधारसँग यो इजलास सहमत हुन नसक्ने हुँदा जग्गाधनीहरूले नै कि.नं.३३६, ३४४, ३४०, ३३८, ३४६, ३४२, ३३७, ३४१ र ३४५ का जग्गाको मोहीमा पुनरावेदक वादीलाई नपाएकाले पुनरावेदक वादीका नाममा उक्त जग्गाहरूको मोही नामसारी हुन नसक्ने गरी भूमिसुधार कार्यालय, भक्तपुरबाट मिति २०६७।९।३० मा भएको निर्णयलाई सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।९।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: खगेन्द्रकुमार खत्री

इति संवत् २०७१ साल फागुन १ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-१०२४, १२१९, कर्तव्य ज्यान *नेपाल सरकार वि. कल्चु भन्ने मानबहादुर सुनारसमेत, कल्चु भन्ने मानबहादुर सुनार वि. नेपाल सरकार*

जाहेरी दरखास्तमा बाहेक प्रतिवादी भगवती शोवको गणेश शोवलाई कर्तव्य गरी मार्ने कार्यमा संलग्न रहेको थियो भनी मिसिल संलग्न कुनै पनि कागजात प्रमाणबाट पुष्टि भएको नदेखिँदा निजउपरको कसुर वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको देखिन आएन । यसरी अभियोग दाबी वस्तुनिष्ठ प्रमाणबाट पुष्टि

हुन नआएकाले अभियुक्तले शङ्काको सुविधा पाउने देखिन आउने हुँदा कानूनी व्यवस्था, प्रतिपादित सिद्धान्त, तथ्य एवम् विवेचनासमेतको आधारमा प्रतिवादी कल्चु भन्ने मानबहादुर सुनारलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम दश (१०) वर्ष कैद हुने र प्रतिवादी भगवती शोवले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०६८।९।१७ मा भएको इन्साफ मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकार र प्रतिवादी कल्चु भन्ने मानबहादुर सुनारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : रमेश रिजाल

कम्प्युटर: खगेन्द्रकुमार खत्री

इति संवत् २०७१ साल फागुन २७ गते रोज ४ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-१०२२, कर्तव्य ज्यान, *ठुलीमाया चेपाङ वि. नेपाल सरकार*

प्रतिवादी कसुरमा इन्कार रही बयान गरेको भए तापनि प्रस्तुत वारदात भएको प्रत्यक्ष देख्ने व्यक्ति कोही छैन । प्रत्यक्षदर्शी नभए पनि यी पुनरावेदिकासँगै सुतेका श्रीमानको मृत्यु भएको अवस्था छ । मृतकको टाउकोमा चोट लागी रगत बगेको अवस्था मिसिलबाट देखिन्छ । सहवल चेपाङ स्वस्थ अवस्थामा आई आफ्नो घरमा सुतेका र मृतकको टाउकोमा चोट लाग्नुलाई सहज मान्न सकिँदैन । चोट लागेकै अवस्थामा मृतक सुतेको भए यी पुनरावेदिकाले हल्लाखल्ला गरी उपचारलगायतमा आवश्यक कार्य गर्नुपर्ने थियो तर पुनरावेदिकाबाट यी सबै कार्य भएको मिसिलबाट देखिँदैन । वारदातका दिन पनि मृतक र प्रतिवादीका बीचमा विवाद भएको व्यहोरा मानबहादुर राईको बकपत्र र संगीता प्रजाको बकपत्रबाट देखिएको छ भने वारदातका दिन हामीबीच झगडा भएको भनी पुनरावेदिकाले संगीता प्रजालाई बताएको कुरालाई पनि प्रस्तुत मुद्दामा नजरअन्दाज गर्न नमिल्ने ।

प्रतिवादीउपरको किटानी जाहेरी परी जाहेरी व्यहोरा पुष्टि हुने गरी बकपत्र भएको, रक्सीसहितको खाजा खाँदा मृतक र प्रतिवादीका बीचमा विवाद भएको, मृतक र पुनरावेदिका घरमा सँगै सुतेको अवस्थामा मृतकको मृत्यु भएको, मृतकको मृत्यु हुनुभन्दाअघि र पछि मृतक र यी पुनरावेदिका ठुलीमाया चेपाङमात्र सँगसाथ रहेको कुरा प्रतिवादीको बयान र संगीता प्रजाको बकपत्रबाट देखिएको, प्रतिवादीसँगै सुतेका मृतकको शरीरबाट रगत बगेको, टाउकोमा चोट लागेको र सोही चोट पीडाबाट मृतकको मृत्यु भएको मिसिल संलग्न कागजपत्रहरूबाट देखिन आएकाले अभियोग मागदाबीबाट सफाई पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अभियोग माग दाबीबमोजिम पुनरावेदक प्रतिवादीले कसुर गरेको ठहऱ्याई निज प्रतिवादी ठुलीमाया चेपाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू चितवन जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।१०।४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । अभियोग माग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदिकाको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

पुनरावेदन अदातल, हेटौडाले प्रतिवादी ठुलीमाया तामाङलाई ऐनबमोजिम हुने सजाय गर्दा चर्को हुने भनी १० वर्ष कैद गर्न उचित देखी राय लगाएको सन्दर्भमा हेर्दा पुनरावेदिका र मृतकबीच लोग्नेस्वास्नी नाताका रहेका र पुनरावेदिका प्रतिवादीको उमेर ६० वर्ष पुगेको देखिन्छ । मृतक र प्रतिवादी वारदातको बिहान घरमा सँगै बसी रक्सी खाएका छन् भने दिउँसो मनबहादुर राईको पसलमा बसी खाजा (रक्सी मासु) खाई फर्की आई घरमा रहेको एउटै खाटमा सुतेको अवस्थामा छ । मादक पदार्थ (रक्सी) खाएको अवस्थामा मृतक र प्रतिवादीका बीचमा सामान्य विवाद भए पनि ज्यानै लिने प्रकृतिको विवाद रहेको नदेखिने ।

मृतकलाई लागेको चोटको प्रकृति पनि कुनै

धारिलो जोखिमी हतियारको प्रयोग भएको देखिँदैन । दुवै मिलीजुली रक्सी खाई आफूले गरेको कुरामा कुनै होस नभएको अवस्थामा ज्यान मार्ने इवीलाग नभई साधारण लाठा जस्तो हतियारको प्रयोग भएको यस तथ्यको रोहमा निजलाई हुन गएको प्रस्तुत वारदातमा पुनरावेदिका प्रतिवादीलाई ऐनबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिन आयो । पुनरावेदक प्रतिवादी ठुलीमाया चेपाङलाई मुलुकी ऐन, अ.बं. को १८८ नं. बमोजिम १० (दश) वर्ष कैद गर्दा पनि बढी देखिँदा निजलाई ८ (आठ) वर्ष कैद हुने ठहर्छ । पुनरावेदिका प्रतिवादीलाई ८ (आठ) वर्ष कैद हुने भएकाले निजको अंश भाग सर्वस्व गरिरहनु नपर्ने ।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७१ साल फागुन १३ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-००१७, उत्प्रेषण, *जगदम्बामणि त्रिपाठीसमेत वि. बुन्नादेवीमणि त्रिपाठीसमेत*

रिट निवेदकहरूले दाबी लिएको विषयमा यी रिट निवेदकहरू र विपक्षीका बीचमा मिलापत्र भै विवादको अन्त भइसकेको देखिँदा रिट निवेदनको औचित्यभित्र प्रवेश गरी केही बोलिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत**:** सन्तोषप्रसाद पराजुली

कम्प्युटर**:** मन्दिरा रानाभाट

इति संवत् २०७२ साल जेठ १७ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-WO-०४३२, उत्प्रेषण, *मनोज नेपाल वि. इन्दिरा सिटौलासमेत*

मुद्दाको कारवाहीको सिलसिलामा कुनै आदेश बेरीतको भयो वा अमुक आदेश हुनु पर्ने हो वा होइन भन्ने जस्ता विवाद मुद्दाको कारवाहीको सिलसिलाको समयावधिसम्म सीमित रहन्छ । मुद्दाको फैसला भैसकेपछि भने फैसलाअनुरूप नै हुने हुन्छ । जिल्ला अदालतबाट मुद्दाको फैसला भैसकेको र मिसिल चालु अवस्थामा नभई बन्द भैसकेपछि अब फैसलाउपर पुनरावेदन परी विचार हुनसक्ने अवस्थाबाहेक त्यसभित्र रहेको आदेश बदर गर्नु नगर्नु वा कुनै आदेश गर्नु भनी परमादेश इत्यादि गर्न मिल्ने देखिएन । तथापि रिट निवेदकले फैसलाबमोजिम बिगो भरी पाउनका लागि निवेदन गर्दाको बखत जेथा देखाई निवेदन गर्न सक्ने नै हुँदा र त्यसरी देखाइएको सम्पत्तिबाट ऋणीको अंश भागसम्म रोक्का हुने वा नहुने, त्यसबाट असुलउपर हुने वा नहुने विषयमा अड्डाबाट यथोचित निर्णय हुन सक्ने नै हुँदा प्रस्तुत रिट निवेदनको अब कुनै औचित्य नरहँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । रिट निवेदन खारेज हुने ठहरेकाले यस अदालतबाट मिति २०७०।९।११ मा जारी भएको अन्तरिम आदेश स्वत: निष्क्रिय हुने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर**:** मन्दिरा रानाभाट

इति संवत् २०७२ साल जेठ १७ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-०७२९, उत्प्रेषण, *आयुरत्न सिख्राकार वि. छोरी सिख्राकारसमेत*

यी निवेदकले पालिफल गा.वि.स. को जग्गाको मुचुल्का गर्दा कीर्तिपुर नगरपालिकाका मानिस साक्षी राखिएकाले सो मुचुल्का रीतपूर्वक छैन भनी लिएको जिकिरका सम्बन्धमा हेर्दा, साबिक पालिफल गा.वि.स. वडा नं. ९ हाल कीर्तिपुर नगरपालिका ६ मा समावेश भएको भन्ने मिसिल संलग्न किर्तिपुर नगरपालिकाको सिफारिसपत्रबाट देखिँदा किर्तिपुर नगरपालिका वडा नं. ६ का मानिसहरू साक्षी बसी मुचुल्का खडा भएको देखिँदा निवेदकको उक्त जिकिर स्वत: खण्डित भै रहेको छ । यी निवेदकले डोरको तारेख लिई अनुपस्थित रहेको भन्ने उक्त चलन मुचुल्काबाट देखिँदा आफूलाई रोहबरमा नराखी भएको कार्य कानूनसम्मत छैन भनी लिएको जिकिर पनि प्रतिलायक देखिएन । यसका

अतिरिक्त दाबीको कि.नं. ६७ को जग्गा उपरोक्त चलन मुचुल्काबमोजिम कित्ताकाट भई बाटोसमेत कायम गरी यी निवेदक तथा प्रत्यर्थीहरूका नाममा दा.खा. नामसारीसमेत भइसकेको मिसिल संलग्न जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपिबाट देखिएको छ । यसप्रकार मातहत निकायबाट कानूनबमोजिम अन्तिम भएको फैसला कार्यान्वयनको कार्य सम्पन्न भएको देखिँदा निवेदन दाबीबमोजिम आदेश जारी हुन नसक्ने हुँदा सर्वोच्च अदालतबाट भएको अन्तिम फैसलाबमोजिम निवेदन दाबीको कि.नं. ६७ को जग्गा नरमगरम मिलाईतर्फ कायम गरी खडा भएको चलन मुचुल्का र सो चलन मुचुल्कालाई सदर गर्ने गरेको काठमाडौं जिल्ला अदालत र पुनरावेदन अदालत, पाटनको आदेश कानूनबमोजिम नै भएको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुनसक्ने अवस्था देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल जेठ १७ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-RC-००५६, ०६८-CR-०१६१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. ठगन्ठे वि.क., ठगन्ठे वि.क. वि. नेपाल सरकार*

धारिलो हतियारसमेतको प्रयोग गरी पटकपटक प्रहार गरेपछि ज्यान जानसक्छ भन्ने सहज अनुमान गर्न सकिन्छ । यसरी आफ्नो कार्यबाट कसैको ज्यान जानसक्ने पूर्व दृष्टि (fore see) हुने अवस्थामा त्यहाँ दुराशय (Malice) तत्त्व रहेको हुन्छ । तसर्थ आफूले गरेको कार्यबाट ज्यान मर्नसक्ने देखिएको रोहमा ज्यानसम्बन्धी महलको ५ नं. को अवस्था भएको भन्न नमिल्ने ।

प्रतिवादी ठगन्ठे वि.क.ले मृतक झटके वि.क.को आवेश प्रेरित हत्या गरेको नभई जोखीमी हतियार प्रयोग गरी हत्या गरेको देखिएकाले निज ठगन्ठे वि.क.लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम कानूनी व्यवस्थासँग सामिप्यता राख्ने भनी १०(दश) वर्ष कैद हुने ठहर्‍याएको सुरू कास्की जिल्ला अदालतको उल्टी गरी अभियोग माग दाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको पुनरावेदन अदालत, पोखराको मिति २०६६।११।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

पुनरावेदक ठगन्ठे वि.क. लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको पुनरावेदन अदालत, पोखराको मिति २०६६।११।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने देखिँदा पुनरावेदक प्रतिवादी ठगन्ठे वि.क.लाई मुलुकी ऐन, अ.बं. को १८८ नं. बमोजिम १० (दश) वर्ष कैद हुने ठहर्छ । प्रतिवादीलाई १० वर्ष कैद हुने भएकाले निजको अंश भाग सर्वस्व गरिरहनु नपर्ने ।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७२ साल जेठ २५ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-११११, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. शिवराज तामाङ*

मिसिल संलग्न तथ्यगत आधार प्रमाणबाट प्रतिवादी शिवराज तामाङ विरूद्धको वैदेशिक रोजगारको कसुर प्रमाणित हुन सकेको नदेखिँदा निजलाई आरोपित कसुरबाट सफाइ दिने ठहर गरेको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मिलेको नै देखिन आएको हुँदा प्रतिवादी शिवराज तामाङले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।५।११ मा भएको फैसला मिलेकै हुँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कपिलमणि गौतम

इति संवत् २०७२ साल जेठ ७ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-०३३६, बन्दीप्रत्यक्षीकरण, *नजिबुन बेगम खाँ वि. जिल्ला वन कार्यालय, बाँकेसमेत*

पुनरावेदिका नजिबुन बेगम खाँलाई जिल्ला वन कार्यालय बाँकेको मिति २०५७।८।२० को फैसलाले १ वर्ष कैद र रू २११५१।- जरिवाना भएको देखिन्छ । उक्त फैसला कार्यान्वयनका क्रममा निवेदिका नजिबुन खाँ पक्राउ भै फैसलाले कायम भएको कैदसमेत भुक्तानका लागि थुनामा रहेकामा प्रस्तुत पुनरावेदन यस अदालतमा विचाराधीन रहेकै अवस्थामा निजलाई लागेको कैद भुक्तान भई निज नजिबुन बेगम खाँले फैसलाले लागेको जरिवाना नगदै बुझाई कारागारबाट छुटिसकेको भनी मिसिल संलग्न कारागार कार्यालय नेपालगञ्ज बाँकेको च.नं. ४७० मिति २०७०।६।३ को पत्रबाट देखिन आएकाले पुनरावेदनमा निवेदिकाले माग गरेअनुरूप पुनरावेदन अदालत, नेपालगञ्जको आदेश मिले नमिलेको भन्ने सम्बन्धमा तथ्यभित्र प्रवेश गरी निर्णय दिनुपर्ने प्रयोजन नै समाप्त भइसकेको देखिँदा प्रस्तुत पुनरावेदनको प्रयोजन नै समाप्त भइसकेको देखिई पुनरावेदिकाको मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु परेन । बन्दीप्रत्यक्षीकरणको निवेदन खारेज गर्ने गरेको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६९।३।१७ को आदेश सदर हुने ठहर्छ । पुनरावेदिकाको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ जेठ १४ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** २०६९-CR-०४२०, लुटपीट, *शिवप्रसाद भण्डारी वि. यज्ञबहादुर भण्डारीसमेत*

जग्गाधनी आश्रमको निर्णय एवम् बाली बुझी दिएको रसिदसमेतबाट दाबीका जग्गामा भोग कमोद दुवै पक्षबाट नै भएको भन्ने देखिएको र मोहियानी हक को कसको र के कति हुने भन्ने विषयमा अदालतबाट प्रारम्भिकरूपमा तथ्य सङ्कलन गरी न्याय निरूपण नहुने हुँदा र लुटपिटको वारदात स्थापित हुन नसकेको यस अवस्थामा सुरू दाङ जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबी नपुग्ने ठहर्‍याई पुनरावेदन अदालत, तुलसीपुर दाङबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने देखिन नआउँदा माथि उल्लिखित आधार र कारणबाट सुरू फैसला उल्टी गरी लुटपिटको वादी दाबी नपुग्ने ठहर गरी पुनरावेदन अदालत, तुलसीपुर, दाङबाट मिति २०६८।११।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७२ जेठ १४ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल.,** ०७१-WH-००५७, बन्दीप्रत्यक्षीकरण, *महेन्द्रमोहन कायस्थ वि. कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंसमेत*

जुन कुरा सिधा र सोझो अर्थमा गर्न पाइँदैन त्यो कुरालाई परिबन्ध मिलाई बाङ्गो तबरबाट पनि गर्न पाउने हुँदैन । यसरी दण्ड सजायको ३८(१) नं. को कानूनी प्रावधानलाई निस्तेज पार्ने तबरबाट बढी थुनामा बसेको अवधिलाई रकममा परिणत गरी निवेदकलाई थप ४ वर्ष कैद तोकेको कार्य कानूनअनुरूपको भनी मान्न नमिल्ने ।

जरिवाना तिर्न सक्दिन भनी कागज गर्नेका हकमा जरिवाना नतिरेबापत कैद ठेक्दा मुद्दा पुर्पक्षका क्रममा थुनामा बसेको बढी अवधिलाई दण्ड सजायको ३८(१) नं. बमोजिम हुनसक्ने जम्मा कैद अवधि (बढीमा ४ वर्ष) मा कट्टा गरी बाँकी अवधिका लागिमात्र कैद ठेक्नु पर्नेमा ललितपुर जिल्ला अदालतको तहसिल शाखाबाट थुनामा बसेको बढी अवधिलाई जरिवानातर्फ कटाई बाँकी जरिवानाबापत भनी पुरै ४ वर्षको अवधिको लागि कैद ठेकिएको कार्य उक्त ३८(१) नं. को कानूनी प्रावधानअनुरूप रहेको देखिएन । निवेदक

मुद्दा पुर्पक्षका क्रममा थुनामा बसेको बढी अवधि १ वर्ष १० महिना २२ दिन र कैद ठेकिएको मिति २०६९।६।९ देखि हालसम्म कैदमा बसेको अवधि जोड्दा निजले बस्नुपर्ने ४ वर्षको कैद अवधि मिति २०७१।७।१७ मा नै भुक्तान भैसकेको देखिँदा रिट निवेदक महेन्द्र मोहन कायस्थलाई आजै थुनामुक्त गरिदिनु भनी विपक्षीहरूका नाममा बन्दिप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७२ साल जेठ १० गते रोज १ शुभम्।

१०

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल.,** ०६७-CI-०९२५, निषेधाज्ञा, *सुनैना यादवनी वि. लरूवती यादवसमेत*

पुनरावेदकले जुन लिखतबाट आफ्नो हक भएको भनी दाबी लिएका छन् सो लिखत घरसारको रहेको तथा सोबमोजिम निजले आफ्नो हक, भोग, तिरोको प्रमाण देखाउन नसकेको अवस्थामा अदालतबाट कानूनबमोजिम भएको लिलामी प्रक्रिया, सोबमोजिमको चलनपूर्जी र बकसपत्रको लिखतबाट दाबीको जग्गा विपक्षी नवलकिशोर यादवको नाममा कायम रहेको देखिन्छ । यसरी दाबीको जग्गामा यी पुनरावेदकको निर्विवाद हक रहेको अवस्था देखिँदैन । हकमा विवाद रहेको अवस्थामा निषेधाज्ञाको निवेदनको क्षेत्रबाट सबुद प्रमाण बुझी यसको वा उसको हक पुग्छ भन्न मिल्ने पनि देखिन नआउने।

निवेदकको निर्विवाद हक स्थापित नभएको जग्गामा अदालतबाट लिलाम सकार भै चलन पूर्जी प्राप्त गरी र पास भएको लिखतवाला विपक्षीले बनाउन लागेको घर नबनाउन निषेधाज्ञाको आदेश जारी गरिपाउँ भनी माग गरेको देखिँदा मागबमोजिम निषेधाज्ञा जारी गर्न मिलेन । निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।४।३० को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७२ साल जेठ १० गते रोज १ शुभम्।

११

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल.,** ०७१-RC-००४१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लक्ष्मी भन्ने विष्णु अर्याल*

प्रतिवादी लक्ष्मी भन्ने विष्णु अर्याल Psychosis रोगबाट पीडित रहेको देखिँदा निज प्रतिवादीबाट वारदात घटेकै अवस्थामा पनि छोरालाई मार्नुपर्ने कुनै कारण नै नभएको र छोरा मरिसकेपछि पनि निज उम्कने, भाग्ने तथा लास दबाउने, छिपाउने प्रयास नगरेकोबाट आफूले गरेको कामको परिणाम थाहा पाउन सक्ने स्थितिमा रहेको भन्न सकिने अवस्था देखिन सकेको छैन । प्रतिवादी लक्ष्मी भन्ने विष्णु अर्यालले आफ्नो छोराको ज्यान मार्ने मनसायअनुरूप योजना बनाई ज्यान मार्ने कार्य गरेको पनि देखिँदैन। कुनै पनि फौजदारी दायित्वमा कसुरदार ठहर गर्नको लागि प्रतिवादीमा मृतकको ज्यान मार्ने मनसाय, सोबमोजिमको योजना एवम् योजनाअनुरूपको कार्यसमेत भएको हुनुपर्छ । फौजदारी अपराधपूर्ण हुन व्यक्तिको आपराधिक कार्य (Actus Reus) र आपराधिक मनसाय (Mens Rea) दोषयुक्त हुनुपर्ने हुन्छ अर्थात् कुनै पनि वारदातका लागि अभियुक्तले मनसाय प्रेरित भै वारदात घटाउने योजना षड्यन्त्र, तयारीका चरणहरू पार गरी आपराधिक कार्यको चरणमा पुगेको हुनुपर्छ । मानसिक असन्तुलन भएको व्यक्तिमा कुनै इच्छाशक्ति हुँदैन । त्यस्तो इच्छाशक्तिको अभावमा आपराधिक मनसायको सिर्जना हुन पनि सक्दैन। मानसिक असन्तुलन भएको व्यक्तिमा आफ्नो कामको प्रकृति र परिणाम छुट्याउन सक्ने क्षमताको पनि अभाव रहने भएकाले प्रतिवादीले जानी बुझी दुराशय मनसायका साथ वा क्षणिक आवेशमा आई आफ्नो छोरालाई मारेको भन्न सकिने अवस्था पनि छैन । यस स्थितिमा प्रतिवादीलाई मुलुकी ऐन,

ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वश्वसहित जन्म कैद गरिपाऊँ भन्ने अभियोग माग दाबी पुग्न सक्दैन र Psychosis रोगबाट पीडित भै मानसिक असन्तुलन भएको अवस्थामा यी प्रतिवादी लक्ष्मी भन्ने विष्णु अर्यालले आफ्नो छोरा चन्द्रकान्तको ज्यान मारेको देखिँदा मुलुकी ऐन, दण्ड सजायको १ नं. अनुसार निज प्रतिवादीलाई केही सजाय गर्नु नपर्ने गरी सफाइ पाउने ।

अतः उल्लिखित आधार कारणहरूबाट गुल्मी जिल्ला अदालतबाट प्रतिवादी लक्ष्मी भन्ने विष्णु अर्याललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहर गरेको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७०।५।३ मा भएको फैसला नमिलेकाले साधक उल्टी भै प्रतिवादी लक्ष्मी भन्ने विष्णु अर्यालले आरोपित कसुरबाट सफाइ पाउने ।

इजलास अधिकृत**:** मीना गुरूङ

कम्प्युटर**:** मन्दिरा रानाभाट

इति संवत् २०७१ साल फागुन २९ गते रोज ६ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-WO-०७९३, उत्प्रेषण/परमादेश, *भक्तबहादुर ओली वि. शिक्षक सेवा आयोग, सानोठिमीसमेत*

आफूले प्रत्येक वर्षको का.स.मू. समयमा भरेको र प्रधानाध्यापकलाई पनि समयमा बुझाएको भन्ने निवेदकको जिकिर मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयको निर्णयबाटसमेत समर्थित भएको अवस्थामा त्यसमा निष्पक्ष छानबिन अर्थात् का.स.मू. कुन मितिमा विद्यालयमा दर्ता भयो र कुन मितिमा आधिकारिक ठाउँमा पुग्यो यी सान्दर्भिक कुरा हेरी सदर गर्नुपर्ने भए सदर र अन्यथा गर्नुपर्ने भए सोही निर्णय गर्नुपर्नेमा सो केही नगरी निर्णयका लागि प्रासङ्गिक कुराको उल्लेख नै नगरी म्याद नाघी दर्ता भएको भन्ने एक वाक्यको प्रयोग गरी विपक्षी आयोगले २०६१ सालको का.स.मू. फारामलाई म्याद नाघी दर्ता भएको ठहऱ्याई निवेदकलाई अङ्क प्रदान नगरेको विपक्षी आयोगको निर्णयले निवेदकको हकमा न्यायिक मनको प्रयोग गरेको मान्न नसकिने ।

अतिरिक्त शैक्षिक योग्यताको प्रथम श्रेणीबापत प्राप्त गर्ने ५ अङ्क गणना नगरेको शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ३०(१) को विपरीत छ भन्ने निवेदन जिकिर छ तत्सम्बन्धमा प्रकाशित बढुवा सूचीमा निवेदकको नाम क्र.सं. ५ मा परेको भए पनि आफूले पाउनु पर्ने अतिरिक्त शैक्षिक योग्यताको प्रथम श्रेणीबापत प्राप्त गर्ने ५ अङ्क गणना हुनुपर्नेमा सो नगरेको कारणले आफ्नो नाम योग्यताक्रमको ५ नं. मा पर्न गएकाले उक्त अङ्क प्रदान गरी त्योभन्दा माथिको योग्यताक्रममा आफ्नो नाम समावेश गरिपाउँ भन्ने जिकिर लिई निवेदकले सुरूमा प्रकाशित बढुवा सूचीउपर उजुर गर्नुपर्छ । उक्त प्रश्न समयमा नउठाएकाले अब यो प्रश्नको खास सान्दर्भिकता नदेखिने ।

लामो कालदेखि कार्यरत् व्यक्तिलाई पुनः तल्लो पदमा झार्नुबाट निजमा अकारण सेवाप्रति उदासीनता उत्पन्न हुने र निजको सामाजिक प्रतिष्ठामा पनि ह्रास आउने सम्भावना उत्पन्न हुने अवस्था आउन सक्छ । यसो हुनु विद्यार्थी, विद्यालय, रोजगारदाता र शिक्षकसमेत कसैको हितमा पनि श्रेयस्कर हुने देखिँदैन । यस परिप्रेक्ष्यमा विपक्षी रामराज पोख्रेलको बढुवा बदर गर्नु न्यायको रोहमा उपयुक्त नहुने हुँदा निजको बढुवा पनि कायमै रहने ठहर्छ । मिति २०६७।९।२८ देखि नै निवेदकलाई उल्लिखित विज्ञापन नं. ००५/०६६-६७ को माध्यमिक शिक्षक द्वितीय श्रेणीको पदमा मिति २०६७।५।११ कै जेष्ठताक्रम कायम गरी बढुवा दिनु साथै विपक्षी रामराजको बढुवा पनि कायमै रहने हुँदा कदाचित पद सिर्जना गर्नुपर्ने भए सो गरेर भए पनि निज रामराज पोख्रेलको पनि बढुवा कायम गर्नु भनी विपक्षीहरू शिक्षक सेवा आयोग सानोठिमी भक्तपुर, शिक्षक सेवा आयोग, क्षेत्रीय बढुवा समिति मध्यपश्चिमाञ्चल सुर्खेत, जिल्ला शिक्षा कार्यालय जाजरकोट र भानुभक्त

माध्यमिक विद्यालय, लहँ, जाजरकोटका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: कृष्णप्रसाद पौडेल

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७१ साल माघ २७ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-०५७७, ०९२३, ०७५५, जीउ मास्ने बेच्ने, *वीरेन्द्रकुमार मेहता वि. नेपाल सरकार, मन्टु भन्ने विजयकुमार मेहता वि. नेपाल सरकार, मनोज भन्ने देवकुमार मेहता वि. नेपाल सरकार*

प्रतिवादीहरूले पीडित बालिका बंशीका गुप्तालाई नेपाल राज्यबाट विदेश भारतको पटना भूमिमा पुर्‍याई बीच बीचमा फिरौतीसमेत माग गर्दै अन्तमा भा.रू. ३ लाखमा बिक्री गर्न बैनासमेत लिएको भनी साबित भैरहेको अवस्था र अन्य सङ्कलित सबुत प्रमाणसमेतबाट निजहरूले बिक्री गर्ने उद्देश्यले विदेश भारत लगेको पुष्टि भैरहेको अवस्था हुँदा निजहरूको कार्य उल्लिखित ऐनको दफा ३ र ४ अन्तर्गतको कसुरभित्र पर्दैन भन्न नमिल्ने ।

फिरौतीको लागि अपहरण गरेको भन्दैमा र फिरौती माग गर्दैमा तत्काल शरीर बन्धक तथा अपहरणसम्बन्धी कानून थिएन, त्यसैले हाम्रो कार्य जीउ मास्ने बेच्नेभित्र पर्दैन भनी लिएको जिकिर कानूनसम्मत देखिँदैन । राज्य व्यवस्थाले कहिल्यै पनि दण्डविहीनताको परिकल्पना गर्दैन । जुनसुकै आपराधिक कार्यलाई कुनै न कुनै कानूनको परिधिभित्र राखी त्यस्तो आपराधिक कार्य गर्नेलाई सजाय दिनु राज्यको दायित्वभित्र पर्छ र राज्यको फौजदारी कानूनले यस कुरालाई नियमित र नियमन गर्दछ । प्रस्तुत मुद्दामा यी पुनरावेदन प्रतिवादीहरूको कार्य प्रष्टरूपमा जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐनअन्तर्गतको कसुर देखिन आएकाले प्रतिवादीहरूको पुनरावेदन जिकिरसित सहमत हुन नसकिँदा यी प्रतिवादीहरूलाई जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) बमोजिम जनही कैद वर्ष १० सजाय हुने ठहर्‍याई सुरूले गरेको फैसलालाई सदर ठहर्‍याई गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।०२।०५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: उमानाथ गौतम

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७१ साल माघ १४ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-०५६८, ०४५८, कर्तव्य ज्यान, *गगन भन्ने होमबहादुर राई वि. नेपाल सरकार, नेपाल सरकार वि. दीपक फ्याक लिम्बुसमेत*

प्रतिवादीको कर्तव्यबाट मृतक प्रेमबहादुर राईको मृत्यु भएको ठहर गरी निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) बमोजिम जन्मकैदको सजाय हुने ठहर्‍याई सुरू अदालतले गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको फैसला बेमनासिब भन्न नमिल्ने ।

अन्य प्रतिवादीहरू प्रतिवादी होमबहादुर राईको साथ लागी मृतक प्रेमबहादुर राईको घरसम्म पुगेको भए तापनि निजहरूले पनि कुटपिट गरेको भन्ने कुरा पुष्टि हुन नआएको र निजहरूले अदालतमा आफूहरूले कुटपिट गरेमा इन्कार रही बयान गर्नुको साथै वारदातस्थलसम्म गएको स्वीकार गरेको र वादी पक्षले निजहरूले पनि कुटपिट गरेको देखिने ठोस सबुत प्रमाण प्रस्तुत गर्न नसकेको अवस्थामा निजहरूको कार्य मृतकलाई कुटपिट गर्ने मत सल्लाहमा पसेको भए पनि वारदातस्थलमा पुगी कुटपिट केही नगरी बसेको देखिन आई निजहरूलाई उक्त महलको १७(३) अनुसार २ वर्ष ६ महिना कैद गर्ने गरेको पुनरावेदन अदालतको फैसलालाई पनि बेमनासिब भन्न नमिल्ने हुँदा प्रतिवादी होमबहादुर राईलाई ज्यानसम्बन्धीको महलको १३(३) बमोजिम सुरूले जन्मकैदको सजाय गर्ने गरी गरेको सुरू फैसलालाई सदर गरी र अन्य प्रतिवादीहरूलाई पनि सोही महलको १३(३) बमोजिम जन्म कैदको सजाय गर्ने गरी गरेको सुरूको फैसला उल्टी गरी निजहरूलाई सोही

महलको १७(३) बमोजिम २ वर्ष ६ महिना कैद सजाय गर्ने ठहर्‍याई भएको पुनरावेदन अदालत, इलामको मिति २०६७।०१।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी होमबहादुर राई र वादी नेपाल सरकार दुवै पक्षको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: उमानाथ गौतम

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७१ साल माघ १४ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-WO-११७८, उत्प्रेषण, *देवनारायण यादवसमेत वि. जिनिसलाल यादवसमेत*

तल्लो तहको अदालतमा कारवाहीयुक्त अवस्थामा रहेको मुद्दालाई असर पर्ने गरी रिट क्षेत्रबाट आदेश जारी गर्दै जाने हो भने न्यायमा ढिलाई हुन जान्छ । त्यसैगरी अंश मुद्दामा तायदाती माग गर्ने गरी भएको आदेश भनेको मुद्दाको फैसलामा असर पर्ने हक अधिकारको विषय विद्यमान भएको र तल्लो तहमा विचाराधीन मुद्दामा पक्षहरूको हक अधिकारमा तलमाथि पर्ने गरी रिट क्षेत्रबाट बोल्नसमेत मिल्ने नदेखिने ।

मुख नमिलेको विषयमा प्रमाणको विवेचना गरी मानो छुट्टिएको मिति कुन हो भनी यकिन गर्ने कार्य रिट क्षेत्रबाट हेरी निर्णय गर्न मिल्दैन । प्रमाणको रोहमा जुन मितिमा मानो छुट्टिएको देखिन्छ त्यही नै कायम हुनुपर्ने हुन्छ । तल्लो अदालतमा चलेको मुद्दाबाटै विश्लेषण गरी मुद्दा फैसला हुँदा कुन मितिलाई मानो छुट्टिएको मिति कायम गर्ने हो सो गर्न रिट क्षेत्रबाट नमिल्ने हुँदा प्रस्तुत निवदन दाबी खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल चैत १५ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-WO-०३०५, उत्प्रेषण/परमादेश, *राजेन्द्र यादव वि. मालपोत कार्यालय, महोत्तरीसमेत*

निवेदकले अर्काको हक भोग र स्वामित्वमा रहेको जग्गालाई किर्ते गरी हकवालालाई दुःख दिएको देखियो । सरकारी कागज कीर्ते गरी निवेदकले आफूले गरेको अपराध लुकाउनको लागि अदालतको असाधारण अधिकारक्षेत्र ग्रहण गरी प्रवेश गरेको देखिँदा निवेदक न्याय प्राप्त गर्ने असल नियतका साथ अदालत प्रवेश गरेको नदेखिने ।

अदालत न्याय प्राप्त गर्नको लागि आउने ठाउँ हो । कसैलाई दुःख दिन, जालझेल गर्न अदालत आउनु दुर्भाग्यपूर्ण हुनजान्छ । दुःख दिन, फसाउन, निर्णय कार्यान्वियनबाट रोक्न, सकारात्मक परिवर्तनलाई रोक्न, असल नियतका निर्णयलाई रोक्न कार्यविधिका अनेक छिद्रबाट नकारात्मक प्रयोजनका लागि अदालतको असाधारण क्षेत्र प्रयोग गरी अदालत प्रवेश गर्नु राम्रो नमानिने ।

अदालत सबैको लागि सधैँ खुला हुन्छ जसको मूल प्रयोजन न्याय प्राप्ति नै हो । त्यसैले अदालतमात्र न्यायको लागि हुनुपर्दछ । असाधारण अधिकार क्षेत्र संविधानले विशेष अवस्थाहरूका लागी प्रदान गरेको देखिन्छ । व्यक्तिको मौलिक अधिकारको संरक्षण वैकल्पिक माध्यमबाट गर्न सक्दासम्म असाधारण अधिकार क्षेत्र आकर्षित हुने पनि देखिँदैन । नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(२) मा भएको व्यवस्थाअनुसार व्यक्तिको मौलिक अधिकारको हनन् हुन नदिन एवम् संरक्षण गर्न सर्वोच्च अदालतले असाधारण अधिकारक्षेत्रको ग्रहण गरी पूर्ण न्याय हेतु आदेश जारी गर्न सक्दछ । तर प्रस्तुत निवेदनमा आफैले अर्काको जग्गाको जग्गाधनी प्रमाण पुर्जा किर्ते गरी आफ्नो बनाई अरूलाई अनावश्यक हैरानी दिई गलत कामको लागि यस अदालतको असाधारण अधिकारक्षेत्र प्रयोग गर्नु बिडम्बनापूर्ण देखिन आउने ।

कानून व्यवसायी कानूनी शासनका संवाहक हुन् । न्यायका पहरेदार हुन् । सुशासनका हिमायती हुन् । समाज परिवर्तनका अगुवा हुन् । संस्कृतिका संरक्षक हुन् । अरू व्यवसायभन्दा कानून व्यवसाय पृथक खालको व्यवसाय हो । त्यसैले कानून व्यवसाय

पूर्णरूपमा Justice oriented हुनुपर्दछ । कानून व्यवसायीले न्यायको मार्गलाई सरल र सहजरूपमा डोऱ्याउन सक्नु पर्दछ । अनावश्यक मुद्दाको भिडले सही न्याय खोज्नेको न्यायसमेत प्रभावित हुन जाने हुनाले गलत मनसायसहित मुद्दा गर्ने प्रवृत्तिको अन्त्य हुन जरूरी देखिन्छ । यसका लागि कानून व्यवसायीको सहयोग वाञ्छनीय हुन जान्छ । नैतिकता र कानून दुवै परस्परमा सम्बन्धित एवम् छुट्याउन नसकिने गरी गाँसिएका विषयवस्तु हुन् । दुवैले मानव मूल्यलाई बढाउन मद्दत पुऱ्याउँदछन् । नैतिकतालाई मापन गर्ने मानक नभए पनि यसको मूल्यलाई कम आँक्न सकिँदैन । नैतिकताविहीन पेसाको कल्पनासमेत गर्न सकिँदैन । अधिकार क्षेत्रको स्पष्टतामा न्याय छिटो छरितो हुनजान्छ । जसबाट न्यायका उपभोक्ता, कानून व्यवसायी एवम् न्यायका सम्पूर्ण सरोकारवालाहरूलाई सरलता र सहजता हुन जान्छ । यसरी अनावश्यक अवस्थामा असाधारण अधिकार क्षेत्रको ग्रहण गर्नेहरूलाई रोक्नमा कानून व्यवसायीको ठूलो हात हुन जाने हुँदा कानून व्यवसायीको यसतर्फ विशेष ध्यान जान जरूरी देखिने ।

निवेदकले मागदाबी लिएको जग्गाको जग्गा धनी प्रमाण पुर्जा नै निवेदक स्वयम्ले सरकारी कागज कीर्ते गरी नक्कली जग्गा धनी प्रमाण पुर्जा बनाई लिएको ठहर गरी सरकारी कागज कीर्ते (स.फौ.नं. ३७-०६६-००६५१) ०६९-CR-००५४ मुद्दामा निज निवेदक राजेन्द्र यादवलाई कीर्ते कागजको १२ नं. अनुसार १ वर्ष कैदसमेत हुने ठहराई महोत्तरी जिल्ला अदालतबाट मिति २०६९।१०।२५ मा फैसला भएको देखिँदा सो जग्गा आफ्नो भनी लिइएको निवेदकको माग दाबीको औचित्यता देखिन नआएबाट निवेदकको निवेदन मागमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद पौडेल
कम्प्युटर: विदुषी रायमाझी
इति संवत् २०७१ साल चैत १० गते रोज ३ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६९-WO-०२०७, उत्प्रेषण परमादेश, *नारायणप्रसाद सापकोटा वि. माननीय शिक्षा मन्त्री, शिक्षा मन्त्रालय, केशरमहल, काठमाडौंसमेत*

आफैंले नियम क्रियाशील भएको आधारमा विद्यालयको नाममा निवेदकको मातापिताको नाम जोड्ने भनी निर्णय गरेकामा सो निर्णयलाई शिक्षा मन्त्रालय आफैँले ऐन नियमविपरीत मनोगत आधारमा बदर गर्न पाउने कानूनी व्यवस्था रहे भएको नदेखिँदा शिक्षा मन्त्रीबाट मिति २०६८।१०।२३ मा भएको पछिल्लो निर्णय अवैध देखिन आउने ।

नाम परिवर्तन गर्ने सहमतियुक्त निर्णय भएपछि उच्च माध्यमिक विद्यालय कायम भएमा भैसकेको नामकरण कायम नरहने कानूनी व्यवस्था नरहेकाले नयाँ नामकरणका अरू कुरा यथावत् राखी माध्यमिक विद्यालयको सट्टामा उच्च माध्यमिक विद्यालय उल्लेख हुनु कुनै बाधा नदेखिने ।

नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय जर्बुटा गागर्रेतालको नाममा नेपाल राष्ट्रिय चन्द्र गङ्गा उच्च माध्यमिक विद्यालय भनी चन्द्रगङ्गा थप्न कानूनले कुनै छेकबार नलगाएको र सहयोग रकममा वृद्धि गर्ने नियम १५४(३)को संशोधन व्यवस्था लागू हुनुअगावै निवेदकसमेतबाट उक्त नियमले तोकेको रू. १,००,०५०५।– जम्मा भै नामकरणका सम्बन्धमा निर्णयसमेत भैसकेको देखिँदा निवेदकको मागबमोजिम शिक्षा मन्त्रालयको मिति २०६८।१०।२३ को मन्त्रिस्तरीय निर्णय उत्प्रेषणको आदेशद्वारा बदर भै निवेदक विद्यालयको नाम नेपाल राष्ट्रिय चन्द्रगङ्गा उच्च माध्यमिक विद्यालयसमेत कायम गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी

हुने।

इजलास अधिकृत: बसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल फागुन ८ गते रोज शुभम्।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-०४९२, निर्णय दर्ता बदर हक कायमसमेत, *भूपालदास श्रेष्ठ वि. देवेन्द्र प्रसाद श्रेष्ठ*

प्रमाणको रूपमा प्रस्तुत भएको मन्जुरनामा लिखतका सम्बन्धमा नै पक्षले जालसाजीको प्रश्न खडा गरेको अवस्थामा सो विषयलाई टुङ्गोमा नपुर्‍याई मुद्दाको फैसला गर्नु कानूनसङ्गत हुने नदेखिने।

जालसाजीतर्फ ठहर नगरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।३।२८ मा भएको फैसलालाई बदर गरी जो जे बुझ्नु पर्ने प्रमाण बुझी जालसाजीतर्फसमेत ठहर गरी कारवाही किनारा गर्नको लागि पक्षहरूलाई तारिख तोकी प्रस्तुत मिसिल सुरू काठमाडौं जिल्ला अदालतमा पठाई दिने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।८।२८ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल फागुन १४ गते रोज ५ शुभम्।

३

**मा.न्या. श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** २०६७-WO-०८७३, उत्प्रेषण / परमादेश, *सुनिता पौडेल वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरसमेत*

निवेदिका कार्यरत् रहेकी सेवा प्रशासन सेवा र समूह सामान्य प्रशासन समूह भएको र निजले दरखास्त दिएकी सेवा प्रशासन सेवा भए पनि समूह राजस्व समूह भएकाले निवेदिका कार्यरत् रहेकी समूह र दरखास्त दिएकी समूहलाई यौटै समूह नभएकाले निवेदिकाको हकमा उक्त नि.नं. ३९ लाई मान्दासमेत सो निर्णय आकर्षित हुन नसक्ने एकातिरको अवस्था छ भने आयोगको २०६५।१२।३१ को उक्त निर्णय सोझै निजामती सेवा ऐन २०४९ को दफा ७(७) एवम् ऐ. नियमावली २०५० को नियम १४(३) को स्पष्टीकरणविपरीत भएको र उक्त निर्णयलाई आयोगले नै समर्थन गर्न नसकी त्यसलाई अमान्य गरी अर्को व्यवस्था गरिसकेको हुँदा सो २०६५।१२।३१ को निर्णयको सहारा लिई निवेदिकालाई विज्ञापित पदमा उम्मेदवार हुन र परीक्षा आदिमा सहभागी हुनबाट वञ्चित गर्न मिल्ने नदेखिने।

विज्ञापनको द्रष्टव्य (ढ) मा समावेशी समूहको पदहरूका परीक्षामा समान श्रेणीको हैसियतले समावेश गराइने छैन भनी उल्लेख भएको पाइन्छ तर सो द्रष्टव्य (ढ) कानूनविपरीत भएकाले उल्लिखित विज्ञापनमा भाग लिन निवेदिका अयोग्य नै नरहेकी यस्तो कानूनी कुरामा कानूनविपरीतको स्वतः शून्य द्रष्टव्यअनुसार निवेदिकालाई प्रतिस्पर्धाबाट वञ्चित गर्नु भनेको सो द्रष्टव्यलाई मान्यता दिनु हुन्छ। तथापि सो द्रष्टव्यबमोजिम उक्त कुरा खुल्ने गरी दरखास्तको नमूना बनाई दरखास्त वितरण गर्नु पर्ने वा तत्सम्बन्धमा थप कागज गराउनु पर्नेमा आयोगले सो केही गर्न नसकेको देखिँदैन। यसरी निजामती सेवा नियमावली २०५० को नियम १४(३) को स्पष्टीकरणविपरीत रहेको भन्ने बुझी आयोगले यससम्बन्धमा थप कुनै वास्ता नगरी दरखास्तमा पनि तत्सम्बन्धमा कुनै व्यहोरा नराखी निवेदिकाको दरखास्तलाई स्वीकार गरिसकेको अवस्थामा स्वतः अमान्य निर्णयको आड लिई निवेदिका यो पदमा दरखास्त दिन अयोग्य भएकी भनी निजलाई कारवाही गरेको आयोगको कामकारवाही कानूनविपरीत देखिन आउने।

निवेदिकाको शैक्षिक योग्यता नपुगेको, नागरिकता प्रमाणपत्र नभएको, शैक्षिक प्रमाणपत्रहरू मान्यता प्राप्त नभएको वा कीर्ते भएको, वा निजले परीक्षामा अनियमितता गरेकी वा निजले नियुक्ति पाउनका लागि भनसुन आदि गैरकानूनी उपाय अवलम्बन गरेकी जस्ता आधारभूत अयोग्यता देखाउन

सकिएको छैन । विज्ञापित पदमा दरखास्त दिने फाराम विपक्षी आयोगले नै उपलब्ध गराएको छ । दरखास्तका जति दफा वा शीर्षक छन् प्रत्याशीले ती सबै भर्ने हो । दरखास्तले जुन कुरा उल्लेख नै गरेको छैन वा खोजेको छैन सो कुरा पनि निवेदिकाले खुलाउनु पर्ने र नखुलाएमा निज दण्डित हुने भन्नु न्यायपूर्ण नहुने ।

लोकसेवा आयोगको दरखास्त फाराम हेर्दा त्यसको खण्ड (घ) मा अनुभवसम्बन्धी विवरण (दरखास्त फाराम भरेको पदको विज्ञापनको लागि अनुभव तथा विदाको विवरण आवश्यक भएमा मात्र उल्लेख गर्ने*)* भन्ने व्यहोरा रही त्यसको देहायमा कार्यालय, पद, सेवा/समूह/उपसमूह, श्रेणी/तह, स्थायी/अस्थायी/करार, अवधि देखि/सम्म भनी उल्लेख भएको पाइन्छ । त्यो व्यवस्था उम्मेदवारलाई सजिलो पार्नका लागि बनेको व्यवस्था हो । नियुक्ति पाउनका लागि उपयोगी देखेमा यस कुराको निरूपण उम्मेदवारले नै गरी अनुभवसम्बन्धी तथ्याङ्क दिनुपर्ने हुन्छ । यो व्यवस्था उम्मेदवारको अयोग्यता सिर्जना गर्नको लागि नबनेको र यसमा जुनसुकै अवस्थामा पनि आफू कार्यरत रहेको व्यहोरा खुलाउनु पर्ने कुरा नभएकाले यो नखुलाएको व्यवहारलाई तथ्य ढाँटेको व्यवहारको संज्ञा दिनु मनासिब नहुने ।

कुरा लुकाएको कारणबाट कानूनीरूपमा नियुक्तिको लागि अयोग्य हुने अवस्था भएमा मात्र त्यस्ता कुरालाई तात्त्विक कुरा मानिन्छ र तात्त्विक कुरा लुकाएकोलाई मात्र कानूनले निवेदकको गलत आचरण मान्छ । कानूनले आवश्यक नठानेको कुरा पनि खोल्नुपर्छ भन्ने आधार ग्रहण गरी तथ्य ढाँटेको भन्न नमिल्ने ।

दरखास्त रीत / बेरीत जाँच गर्ने चरण पार भै निवेदिका लिखित परीक्षा र अन्तर्वार्तामा सम्मिलित भै सफल भैसकेपछि लोकसेवा आयोग नियमावली २०६७ को नियम १०(५) र नियम ३०(२) को गलत प्रयोग गरी निवेदिकाको उम्मेदवारीलाई अवैध ठहऱ्याई २०६७।१०।२३ को प्रकाशित योग्यताक्रम समेतको नतिजा सूची संशोधन गरी निवेदिकाको नाम रहेको क्रसं १९ मा विपक्षी सुनिता भुसालको नाम प्रकाशित गरेको लोकसेवा आयोग मध्यमाञ्चल क्षेत्रीय निर्देशनालयको मिति २०६७।११।२ को निर्णय उल्लिखित नजिर, निजामती सेवा ऐन २०४९ को दफा ७(७) र १०, निजामती सेवा नियमावली २०५० को नियम १४(३) र नेपालको अन्तरिम संविधान २०६३ को धारा १३(३)(च) समेतको विपरीत देखिएकाले उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । आयोगबाट मिति २०६७।१०।२३ मा उम्मेदवारहरूको योग्यताक्रम कायम गरी प्रकाशित गरेको सिफारिस सूची मनासिब रहेकाले सो कायम गरी निवेदिकालाई नियुक्तिको लागि सिफारिस गर्नु भनी विपक्षी लोकसेवा आयोग, केन्द्रीय कार्यालय तथा लोकसेवा आयोग मध्यमाञ्चल क्षेत्रीय निर्देशनालयका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: बसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल फागुन १९ गते रोज ३ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-१०१९, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. चन्द्रबहादुर मुखियासमेत*

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १५ नं. अनुसार ज्यान मार्ने मनसायले गोली चलाउने वा बम हान्ने वा घातक हतियारले काट्ने वा मार्नका लागि अरू जुनसुकै कुराको उद्योग गरी मर्नेसम्मको काम गरेकामा कुनै कारणले ज्यान मर्न पाएको रहेनछ भने त्यस्तो काम गर्ने र लगाउने तथा सो ठाउँमा गै वचन दिने वा मद्दत गर्नेलाई बाह्र वर्षसम्म कैद गर्नुपर्छ भन्ने व्यवस्था छ । ज्यानसम्बन्धी अपराधहरूमध्ये कर्तव्य ज्यान (Murder) र यसको उद्योग (Attempt to murder) को बीचमा अपराधका तत्त्वहरूको रूपमा रहेका आपराधिक कार्य (Aucts rea) र अपराधिक मनसाय (Means rea) को संयोजनात्मक उपस्थितिको दृष्टिबाट भिन्नता रहेको हुँदैन दुवै प्रकृतिका अपराधमा

सो अपराध गर्ने व्यक्तिले पीडितको मृत्युको मनसाय राखेर आफ्नो कार्यबाट अपराधिक कार्य सम्पन्न गरेको हुन्छ । तर ज्यानमार्ने उद्योगको अपराध कायम हुनको लागि कुनै कारणले कर्ताको अपेक्षाअनुसार पीडितको मृत्यु भएको हुँदैन । ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम मनसाय तत्त्वको विद्यमानता आवश्यक हुन्छ र यस्तो मनसाय अभियुक्तको क्रियाबाट स्पष्ट हुन्छ । ज्यान मार्ने मनसाय रहेको अवस्थामा ज्यानै मार्न नपाएको स्पष्ट कारण अवस्था देखिनुपर्दछ जो प्रस्तुत मुद्दामा नदेखिने ।

प्रतिवादीहरूको ज्यानमार्ने मनसाय (Mens rea) रहेको नदेखिएको र प्रतिवादीहरूको कार्य तेस्रो पक्षको हस्तक्षेपबाट रोकिएको अवस्था पनि नहुँदा ज्यान मार्ने उद्योगअन्तर्गतको कसुर मान्ने अवस्था रहेको भन्न सकिँदैन । ज्यान मार्ने उद्योग हुनको लागि मनसायतत्त्वको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । यी प्रतिवादीहरूले धेरै समय पहिलेदेखि नै मत सल्लाह, मिलोमतो तथा योजना गरी के कुन प्रतिवादीले के कुन स्थानमा बसी के कुन कार्य गर्ने भनी कार्य विभाजनसमेत गरी योजनाबद्धरूपमा घटना घटाएको नदेखिने ।

पीडितको घाउजाँच केस फाराममा non fatal भनेर लेखिएको छ । प्रतिवादीहरू अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष कसुरमा इन्कारी रहेका छन् । यस्तो अवस्थामा सर्वोच्च अदालतबाट प्रतिपादन भएका सिद्वान्तहरू समेतका आधारमा प्रतिवादीहरूले पहिलेदेखि नै मानसिकरूपमा तयार भै जोखिमी हतियारले जाहेरवालालाई ताकेर प्रहार गरेको नदेखिएको, तेस्रो पक्षको अपझ्र्ट उपस्थितिले गर्दा घाइतेको र यसबाट बच्न गएको कुरा मिसिलबाट देखिन नआएको र घाइतेलाई लागेको घाउ मर्नेसम्मको प्रकृतिको नभएको कुरा मिसिल संलग्न घा केस फारामबाट देखिन नआएकाले प्रतिवादीहरूले सो अभियोगबाट सफाइ पाउने र सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिमको कार्यविधि पूरा गर्ने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, राजविराजको मिति २०६८।९।२७।४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गजेन्द्रबहादुर सिंह
कम्प्युटर: चन्द्रा तिमल्सेना
इति संवत् २०७१ साल चैत १६ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** २०७१-WH-००६३, बन्दीप्रत्यक्षीकरण, *मन्जु थोकर वि. प्रेमप्रसाद दाहालसमेत*

यी निवेदिका र विपक्षी प्रेमप्रसाद दाहाल बीच रहेको लोग्नेस्वास्नीको सम्बन्धबाट छोरा प्रियन्सु दाहालको जायजन्म भएको र निज लोग्ने स्वास्नीबीच चलेको सम्बन्ध विच्छेद मुद्दामा सम्बन्ध विच्छेद हुने ठहर भै अंश मुद्दामा यी निवेदिकासमेतलाई अंशियार कायम गर्ने गरी मकवानपुर जिल्ला अदालतबाट फैसला भै सो फैसलाउपर पुनरावेदन अदालत, हेटौडामा पुनरावेदन परी विचाराधीन अवस्थामा रहेको कुरा निवेदन व्यहोरा र लिखित जवाफसमेतबाट देखियो । मकवानपुर जिल्ला अदालतबाट भएको फैसलामा प्रेमप्रसाद दाहाललाई प्रियन्सुको संरक्षक भनी ठहर भएउपर प्रस्तुत रिट निवेदिकाको पुनरावेदन अदालत, हेटौँडामा पुनरावेदन परिरहेकाले सामान्य अदालतबाट ठहरेबमोजिम हुने नै हुँदा असाधारण क्षेत्राधिकारको प्रयोग गरी पुनरावेदन अदालत, हेटौँडासमक्ष विचाराधीन मुद्दाको निर्णयमा नै असर पर्ने गरी प्रस्तुत निवेदनबाट बोलिरहन मनासिब नदेखिएको कारणले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: अम्बिकाप्रसाद दाहाल
कम्प्युटर: चन्द्रा तिमल्सेना
इति संवत् २०७२ साल असार ७ गते रोज २ शुभम् ।

## एकल इजलास

१

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा,** ०७०-AP-०४०५, अदालतको अपहेलना, *लक्ष्मी विश्वकर्मा (श्रेष्ठ) वि धनमाया थामीसमेत*

मातहत अदालतको अपहेलनामा कारवाही

गर्नसक्ने अधिकार यस अदालतलाई सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७(१) ले प्रदान गरेको अवस्थामा सो अधिकार यस अदालतले प्रयोग गर्न नसक्ने होइन । तर, प्रस्तुत विवादमा पुनरावेदन अदालत, पाटनमा विचाराधीन अवस्थामा रहेको मुद्दाको मिसिल यस अदालतमा झिकाउँदा मुद्दाको कारवाहीमा अवरोध पुग्ने अवस्था हुन्छ । निवेदिकाले पुनरावेदन अदालतबाट यससम्बन्धमा कारवाही हुन नसक्ने वा गरेन भनी यस अदालतको अधिकारक्षेत्र प्रयोग गर्न आएको नदेखिनुको अतिरिक्त आउनु पर्नाका उचित कारण देखाउन नसक्नुको साथै निवेदिकाको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीले पनि बहसको क्रममा सो कुराको युक्तियुक्त जिकिर लिन सकेको पाइँदैन । पुनरावेदन अदालतमा कारवाहीयुक्त अवस्थामा रहेको निषेधाज्ञा मुद्दामा कारवाही चलाई निर्णय भएपछि निर्णयमा चित्त नबुझे पुनरावेदन गर्नसक्ने अवस्थासमेत विद्यमान हुँदा विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनु परेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल असार १० गते रोज ३ शुभम् ।

२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७१-WH-००३७, बन्दीप्रत्यक्षीकरण, *अनुप खरेल वि. केन्द्रीय अनुसन्धान ब्युरो, महाराजगञ्ज, काठमाडौंसमेत*

अदालतबाट अन्तिम भएको फैसलाबमोजिम लागेको दण्डको दायित्व बहन गर्नु सम्बन्धित पक्षको दायित्व हो । अदालतबाट अन्तिम भएको फैसला शून्यको स्थितिमा रहन सक्दैन । त्यस्तो फैसलाको कार्यान्वयन गर्नु अदालत एवम् सम्बन्धित पक्ष सबैको दायित्व हुने ।

निवेदकलाई अदालतबाट अन्तिम भएको फैसला कार्यान्वयनको लागि असुल हुन बाँकी रहेको कैदको लगतअनुसार नै कैदी पुर्जी दिई कारागारमा कैदमा राखेको देखिँदा निवेदकलाई लागेको कैदबापत पक्राउ गरी कारागारमा राखेको कार्य कानूनविपरीतको वा गैरकानूनी भन्न मिल्ने नदेखिने ।

बालबालिकासम्बन्धी ऐन, २०४८ मा फैसलाले दोषी ठहर भएका नाबालकलाई बाल सुधार गृहमा राख्ने गरी गरेको व्यवस्था नाबालकका हकमा लागू हुने हो साबालक भइसकेका व्यक्तिका हकमा होइन । फैसलाबाट कसुर ठहर भई कैद सजाय तोकिएका नाबालक कसुरदारले फैसलाले ठहर गरेअनुसार तत्काल बाल सुधार गृहमा गई सजाय भुक्तान नगरी फरार भई साबालक भएको परिणाम अदालतको फैसलाबाट ठहर भएको कैद स्वतः मिनाहा हुने वा सो फैसला प्रभाव शून्य हुने भन्ने कानूनको मनसाय होइन । फैसलाले तोकिएको कैदको लगत सम्बन्धित कसुरदारले सो कैद भुक्तान नगरेसम्म वा कानूनबमोजिमको अन्य प्रक्रियाद्वारा फछर्यौट नभएसम्म जीवित रहन्छ । फैसलाले कैद सजाय ठहर भएको व्यक्ति फैसला कार्यान्वयनका बखत नाबालक भएमा बाल सुधार गृहमा बसी सजाय भुक्तान गर्नुपर्ने र साबालक भएमा कारागारमा कैदमा बसी भुक्तान गर्नुपर्ने कुरा कैदको लगत फछर्यौटको लागि कानूनले तोकेको कार्यविधि हुन आउने ।

नाबालक हुँदाका अवस्थामा गरिएको अपराधका सम्बन्धमा सर्वोच्च अदालतबाट अन्तिम भएको फैसलाले तोकेको कैद नाबालक हुँदाकै अवस्थामा भुक्तान गर्न समर्पण नगरी फरार रहिरहेकाले हाल यी निवेदक साबालक भएको अवस्थामा पक्राउ परेबाट निजलाई बाल सुधार गृहमा नराखी बाँकी रहेको कैद असुलीको लागि कैदी पुर्जी दिई कारागारमा कैदमा राखेको देखिएकाले निवेदकलाई गैरकानूनी रूपमा कैदमा राखेको भन्न नमिल्ने हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनसक्ने अवस्था प्रथम दृष्टिमा नै देखिन नआएकाले विपक्षीहरूबाट लिखित जवाफ मगाइरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: शिवप्रसाद खनाल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल मङ्सिर ४ गते रोज ५ शुभम् ।

३

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७१-WO-०८४१, उत्प्रेषण/परमादेश, *पदम सिंह धामी वि. गृह मन्त्रालयसमेत*

रिट निवेदकको सेवा अवधि मिति २०७२।२।१ मा नै ३० वर्ष पुगिसकेको र हाल निजले सेवाबाट अवकाश पाइसकेको अवस्था देखिन आउँछ । निज सेवामा रहिरहेको अवस्थामा उक्त नियमको व्यवस्था पालन गराउन कुनै प्रयास वा कारवाही चलाएको देखिँदैन । कुनै सरकारी कर्मचारी आफ्नो पदमा बहाल रहेको अवस्थामा मात्र निजलाई पदोन्नति दिन मिल्ने हुन्छ । अवकाश पाएपश्चात् नियमको उक्त व्यवस्थाबमोजिम पदोन्नति गरिदिनु भन्ने यस अदालतबाट आदेश जारी गर्नु कानूनसङ्गत हुने नहुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न प्रथम दृष्टिमा नै नमिल्ने हुँदा विपक्षीहरूबाट लिखित जवाफ मगाइरहन नपर्ने भई रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

इति संवत् २०७२ साल जेठ २२ गते रोज ६ शुभम् ।

४

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७१-WO-०५४७, उत्प्रेषण, *ब्रजेशकुमार गुप्ता वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

निवेदकको सरूवापत्रमा नै नेपाल सरकारको सचिवस्तरको मिति २०७१।८।२२ को सहमति लिई सरूवा गरिएको भन्ने स्पष्ट उल्लेख भएको देखिएको छ । यस्तो अवस्थामा मङ्सिर महिनामा स्वास्थ्य सेवा विभागले गरेको निवेदकको सरूवा उक्त नियम ३१क को उपनियम (३) बमोजिम मन्त्रालयको स्वीकृत लिई गरिएकाले कानूनअनुकूल नै हुँदा निवेदकको मागबमोजिम प्रथम दृष्टिमा नैं आदेश जारी हुनसक्ने अवस्था नहुँदा कारण देखाउ आदेश जारी गरी विपक्षीहरूबाट लिखित जवाफ मगाइरहन परेन, प्रस्तुत रिट खारेज हुने ।

इजलास अधिकृत: ईश्वर पराजुली

संवत् २०७१ साल माघ महिना ९ गते रोज ६ शुभम् ।

५

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७१-WO-०५३१, उत्प्रेषण, *काठमाडौं जिल्ला, कीर्तिपुर न.पा. वडा नं. २ अमृतनगरस्थित सिर्जनशील प्रवर्द्धन केन्द्र नेपालको अख्तियारप्राप्त भई आफ्नो हकमासमेत साबित्री बस्नेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

प्रत्यर्थी उपाध्यक्षको पदमा मिति २०६८।७।८ मा नियुक्त भएपछि प्रचलित कानूनअनुसार निजको दुइवर्षे पदावधि बाँकी छँदै अर्थात् निज उक्त पदमा कार्यरत् रहेकै अवस्थामा उक्त नियमावलीमा संशोधन भएबाट निजको पदावधि पनि नियमको उक्त व्यवस्थाबाट स्वतः चार वर्ष भइसकेको मान्नुपर्ने हुन्छ । कुनै सार्वजनिक निकायको पदाधिकारीको पदावधि कानूनद्वारा तोकिएको अवस्थामा सो कानूनमा संशोधन, थपघट वा परिवर्तन भएमा निजको पदावधि सोही संशोधित कानूनद्वारा नै निश्चित र निर्धारित हुने हुन्छ । कानूनद्वारा नै पद, पदावधि र पद निश्चित हुने अवस्था हाल लागू रहेको संशोधित नियमावलीअनुसार प्रत्यर्थी उपाध्यक्षको पदमा नियुक्ति भएको मितिदेखि प्रत्यर्थीको कार्यावधि हाल बाँकी नै रहेको हुँदा निवेदकको मागबमोजिम आदेश जारी हुने अवस्था प्रथम दृष्टिमा नैं नदेखिँदा कारण देखाउ आदेश जारी गरी विपक्षीहरूबाट लिखित जवाफ मगाइरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: ईश्वर पराजुली

कम्प्युटर: विकेश गुरागाई

संवत् २०७१ साल माघ महिना ९ गते रोज ६ शुभम् ।

६

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ,** ०७१-WH-००५६, बन्दीप्रत्यक्षीकरण, *मोहमद अहमद अन्सारी वि. महान्यायाधिवक्ताको कार्यालय, काठमाडौंसमेत*

पुनरावेदन अदालत नेपालगञ्जको मिति २०७१।३।१५ को फैसलाउपर पनि निजले न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को उपदफा (१) को खण्ड (ख) बमोजिम यस अदालतमा पुनरावेदन

गर्न सक्ने हुन्छ र सोसम्बन्धमा यस अदालतबाट पुनरावेदनको रोहबाट निवेदकले प्रस्तुत निवेदनमा उठाएका विषयवस्तुको सम्बन्धमा निरूपण हुने नै हुन्छ। अदालतबाट प्रमाणको विवेचना गरी ठहर निर्णय हुने विषयमा बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा हस्तक्षेप गर्न नमिल्ने हुँदा निवेदकले प्रस्तुत निवेदनमा उठाएको विषयवस्तुउपर पुनरावेदन अदालत, नेपालगञ्जमा पुनरावेदन जिकिर लिई पुनरावेदन गरेको र सो सम्बन्धमा पुनरावेदन अदालत नेपालगञ्जले समुचित विवेचना गरी मिति २०७१।३।१५ मा फैसला गरिसकेको तथा पुनरावेदन अदालतको सो फैसलाउपर यस अदालतमा पुनरावेदन गर्न पाउने निवेदकको हक सुरक्षित नै रहेको हुँदा त्यस्तो अदालतबाट सबुद प्रमाण बुझी इन्साफ भएको विषयमा बन्दीप्रत्यक्षीकरणको रिटबाट हस्तक्षेप गर्न मिल्ने नदेखिएकाले विपक्षीहरूबाट लिखित जवाफ मगाइरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः किशोर घिमिरे

कम्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल फागुन ४ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०८३१, उत्प्रेषण, *रूपा भण्डारी वि. शीतल शाह पुर्वेसमेत*

प्रस्तुत रोक्काको सम्बन्धमा पुनः जिल्ला अदालतले आदेश गर्नु पर्ने भनी पुनरावेदन अदालतको आदेशबमोजिम जिल्ला अदालतबाट निवेदकको मागबमोजिम रोक्का हुने नहुने भन्ने विषयमा आदेश हुन बाँकी नै रहेको अवस्थामा पुनरावेदन अदालतको उक्त आदेशबाट निवेदकलाई मर्का नै परेको अवस्था देखिँदैन। कि.नं. २२५८ को जग्गा रोक्का राखी पाउनका लागि पुनरावेदन अदालत, पाटनको आदेशलाई अनुसरण गर्दै निवेदक जिल्ला अदालतमा प्रवेश गरिसकेको कुरालाई निवेदकतर्फका विद्वान् अधिवक्ताले यस इजलासको जानकारीमा ल्याउनुभएको पनि पाइयो। यस स्थितिमा प्रस्तुत रिट निवेदनबाट बदर गर्नु पर्ने कुनै विषयवस्तु देखिन नआएकाले विपक्षीहरूबाट लिखितजवाफ मगाइरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल जेठ २५ गते रोज २ शुभम्।

## रीत/बेरीत आदेश

१

**मा.न्या.श्री सुशीला कार्की,** २०७१-RE-१८८, लागु औषध गाँजा, *अवधकिशोर यादव वि. नेपाल सरकार*

निवेदन मागबमोजिम दरपीठ आदेश बदर हुनुपर्ने नपर्नेतर्फ हेर्दा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(३) मा यस दफाबमोजिम मुद्दा दोहोर्‍याई हेरिपाउँ भनी दिने निवेदनपत्रहरू पुनरावेदन अदालतले निर्णय गरेको मितिले बाटाको म्यादबाहेक पैतीस दिनभित्र सर्वोच्च अदालतमा वा त्यस्तो निर्णय गर्ने पुनरावेदन अदालतमा दर्ता गराउन सकिनेछ भन्ने व्यवस्था गरेको देखिन्छ। सुरू फैसला सदर भएको जानकारी पुनरावेदन अदालत, हेटौंडाले यी निवेदक प्रतिवादीलाई दिएको मिसिल संलग्न कागजातबाट नदेखिएकाले पुनरावेदन अदालतबाट भएको फैसलाको जानकारी नक्कल लिएपछि मात्र थाहा हुने अवस्था सिर्जना हुने भएकाले नक्कल सारी लिएको मितिले ३५ दिनभित्रै दर्ताको लागि भएको प्रस्तुत निवेदनमा इजलासबाट उपयुक्त आदेश हुन सक्ने नै देखिँदा यस अदालतका सहरजिस्ट्रारबाट २०७१।९।९ मा भएको दरपीठ आदेश बदर हुने।

इति संवत् २०७२ साल भदौ ४ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री दीकपराज जोशी,** ०७२-RE-००२४, परमादेश, *विजेन्द्रलाल जोशी वि. रजिस्ट्रार सर्वोच्च अदालत*

नयाँ संविधानको मस्यौदामा अन्तरिम संविधानको धारा ४ को उपधारा (२) को खण्ड (क) लाई विचार गरी नेपालको भूभाग (Territory) यहाँदेखि त्यहाँसम्म पूर्व पश्चिम र उत्तरदक्षिण फैलिएको भूभाग हो भनी क्षेत्रफल खुलेको नक्सा तथा अन्य प्राविधिक

सूचनासहितको विवरण मस्यौदाको अनुसूचीमा समावेश हुनुपर्ने भन्ने निवेदन माग दाबीका सम्बन्धमा मस्यौदाको प्रावधान "संविधान निर्माण प्रक्रियासँग सम्बन्धित भई संविधानसभाले निरूपण गर्ने राजनीतिक प्रकृतिको देखिँदा" रिट निवेदन दर्ता गर्न मिलेन भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २७(३) बमोजिम दरपीठ गरेको देखियो । निवेदकले रिट निवेदनमा उठाएको विषयवस्तु राजनीतिक प्रकृतिको हो होइन भनी ठहर गर्ने अधिकार इजलासको कार्यक्षेत्रभित्रको देखिँदा रजिस्ट्रारबाट भएको मिति २०७२।४।८ को दरपीठ आदेश बेरीतको देखिँदा बदर हुने।

इति संवत् २०७२ साल भदौ ९ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र,** २०७२-RE-००२५, सरकारी दस्तखत छाप किर्ते, *आशिष कार्की वि. नेपाल सरकार*

यस अदालतको संयुक्त इजलासबाट निवेदकको निवेदनअनुसार मुद्दा दोहोर्‍याई हेर्ने भनी मिति २०७२।४।७ मा आदेश भै मुद्दा पुनरावेदनसरह दर्ता भैसकेको कुरा मिसिल संलग्न कागजातबाट देखिँदा निवेदक/प्रतिवादीले मुद्दा दोहोर्‍याई हेरिपाउँ भनी दिएको सरकारी छाप दस्तखत कीर्ते मुद्दा दोहोर्‍याई हेर्ने भनी यस अदालतबाट निस्सा प्रदान भै मुद्दा पुनरावेदनसरह दर्ता भैसकेको देखिएकाले पुनरावेदन अदालत, इलामबाट भएको फैसला विचाराधीन अवस्थामा रहेकाले सो फैसलाबमोजिमको सजाय कार्यान्वयन गर्नुपर्ने स्थिति र आवश्यकता नै नरहेको देखिँदा परिवर्तित परिस्थितिमा त्यहाँबाट मिति २०७२।२।२२ र २०७२।४।२४ मा भएको आदेश मिलेको नदेखिएकाले बदर हुने।

इति संवत् २०७२ साल भदौ २ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र,** २०७२-RE-००२९, वैदेशिक रोजगार ठगी, *श्यामराज पाण्डे वि. नेपाल सरकार*

वैदेशिक रोजगार न्यायाधिकरणबाट निवेदकलाई रू. १,५०,०००।– धरौट लिई तारिखमा राख्ने भनी २०६५।१०।१९ मा भएको आदेशअनुसार निवेदक नगद धरौट राखी तारेखमा रही मुद्दा पुर्पक्ष गरेकाले पुर्पक्षको लागि थुनामा बस्नुपर्ने वा नबसेको अवस्था रहे भएको पाइएन। आफ्नो नाममा जारी भएको पुनरावेदनको म्याद बेरीतपूर्वक तामेल भएको भनी पुनरावेदनपत्रसहित निवेदक यस अदालतमा उपस्थित भै तारिखमा रहिरहेको अवस्था फैसला कार्यान्वयनको सिलसिलामा भनी पक्राउ गरी थुनामा राखिएको, निवेदकको पुनरावेदन दर्ता भै वैदेशिक रोजगार न्यायाधिकरणको फैसला विचाराधीन रहेको, निवेदक भागी जाने वा प्रमाणमा हस्तक्षेप गर्नसक्ने सम्भावना नरहेको समेतका कुरालाई दृष्टिगत गर्दा परिवर्तित सन्दर्भमा निजलाई अ.बं. १९४ को सुविधा प्रदान नगरेको हदसम्म मिलेको नदेखिएकाले २०७२।४।६ को आदेश सो हदसम्म बदर गरिदिएको छ । निवेदकलाई थुनामुक्त गरी फैसलाबमोजिम लागेको कैद जरिवाना भुक्तान गर्न बाँकी रहेको हदसम्म नगद वा जेथा जमानी दिए लिई पुनरावेदन किनारा नभएसम्मलाई अ.बं. १९४ नं. अनुसार तारिखमा राखी कानूनबमोजिम गर्ने।

इति संवत् २०७२ साल भदौ २ गते रोज ४ शुभम्।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"
- सर्वोच्च अदालत, मेलमिलाप समिति

## २०७२ साल वैशाख १२ गते आएको विनाशकारी भूकम्पबाट अदालतहरूको भौतिक संरचनामा पुग्न गएको क्षति र व्यवस्थापनमा पर्न गएको असर



भूकम्पबाट क्षतिग्रस्त सर्वोच्च अदालतको मिति २०७२।२।१० गते निरीक्षण गर्नुहुँदै सम्माननीय राष्ट्रपति डा.रामवरण यादव, साथमा सर्वोच्च अदालतका तत्कालिन सम्माननीय प्रधानन्यायाधीश श्री रामकुमार प्रसाद शाह, माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ र माननीय कानून मन्त्री श्री नरहरि आचार्यलगायत विशिष्ट महानुभावहरू

- यही २०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्प तथा त्यसका परकम्पहरूका कारण देश अहिले गम्भीर प्राकृतिक विपत्तिको अवस्थामा छ । भूकम्पबाट देशले व्यापकरूपमा भौतिक तथा मानवीय क्षति व्यहोर्नुपरेको छ ।
- भूकम्पका कारण सर्वोच्च अदालत तथा मातहतका केही अदालत र अन्य न्यायिक निकायका भौतिक संरचनाहरूमा समेत क्षति पुगेको छ ।
- यसप्रकारको अप्रत्यासित एवं विषम् परिस्थितिका कारण अदालतको नियमित काम कारवाहीसमेत केही समयका लागि प्रभावित हुन पुगेको थियो । लगातार भूकम्पका कम्पनहरू गइरहेको अवस्थामा सेवाग्राही, कानून व्यवसायी, न्यायाधीश एवं कर्मचारीसमेतको अदालतसम्मको पहुँचमा हुने व्यवधानलाई विचार गरी काठमाडौं उपत्यकाभित्रका सबै अदालत तथा न्यायाधिकरणहरू एवं सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक र गोरखा जिल्ला अदालतको वैशाख १३ गतेको पेसी स्थगन गरिएको थियो । भूकम्प जाने क्रम नरोकिएको र अदालत भवनहरूमा भएको क्षतिका कारण दैनिक सेवा सुचारू गर्न रहेको कठिनाइका आधारमा सर्वोच्च

अदालतलगायत भूकम्पबाट बढी प्रभावित अदालतहरूमा वैशाख १७ गतेसम्म बिदा गरिएको थियो।

- सर्वोच्च अदालतको पूर्ण बैठकले भूकम्पबाट निधन भएका सबैप्रति सर्वोच्च अदालत परिवारका तर्फबाट हार्दिक समवेदना प्रकट गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुका साथै भूकम्प पीडितहरूको उद्धार तथा राहतको लागि सहयोग स्वरूप सम्माननीय प्रधान न्यायाधीशलगायत सर्वोच्च अदालतका सबै माननीय न्यायाधीशहरूको मासिक तलबस्केलको ५० प्रतिशत रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उपलब्ध गराएको थियो।
- भूकम्पबाट सर्वोच्च अदालतको भवनमा पुग्न गएको क्षतिको मूल्याङ्कन गरी उक्त भवनबाट अदालतको कार्य सञ्चालन गर्न मिल्ने नमिल्ने विषयमा अध्ययन गर्न सर्वोच्च अदालतका तत्कालीन वरिष्ठतम् माननीय न्यायाधीश हाल सम्माननीय प्रधान न्यायाधीश श्री कल्याण श्रेष्ठज्यूको संयोजकत्वमा प्राविधिकहरूसहितको समिति गठन भएको थियो । उक्त समितिको मिति २०७२।१।१८ को निर्णयअनुसार सर्वोच्च अदालतको भवनमा भएको क्षतिको प्राविधिक रूपमा निरीक्षण गरी मूल्याङ्कन गर्न विज्ञहरूको कार्यदल गठन गरेकामा उक्त कार्यदलले मिति २०७२।१।१९ मा दिएको प्रारम्भिक प्रतिवेदनअनुसार सर्वोच्च अदालतको क्षतिग्रस्त भवनबाट यथास्थितिमा कार्य सञ्चालन गर्न नमिल्ने भई सर्वोच्च अदालत एनेक्स भवन, परिसरमा रहेका अन्य भवनहरू तथा नेपाल बार एसोसिएसनको भवनका केही कोठाहरूसमेतबाट सर्वोच्च अदालतको कार्यसञ्चालन हुँदै आएको छ।
- त्यस्तै, उक्त भूकम्पका कारण सर्वोच्च अदालतबाहेकका अन्य अदालत तथा न्यायिक निकायका भवनहरूमा समेत क्षति पुगेको र त्यसप्रकारको क्षतिको सम्बन्धमा विवरण लिई भूकम्पका प्रभावहरूको व्यवस्थापनका लागि तत्काल गर्नुपर्ने कार्यहरूसहित पुनर्निर्माण योजना तयार गर्न सर्वोच्च अदालतका सहरजिस्ट्रार श्री लालबहादुर कुँवरको संयोजकत्वमा एउटा कार्यसमूह गठन भई सो कार्यसमूहले पेस गरेको प्रतिवेदन अर्थ मन्त्रालय तथा योजना आयोगमा समेत पठाइसकेको अवस्था छ।
- भूकम्पबाट भएको क्षतिका सम्बन्धमा अदालतहरूबाट प्राप्त विवरण र क्षतिग्रस्त भवनको क्षतिको अवस्थाका आधारमा नयाँ भवन निर्माण गर्ने वा भवनको मर्मत सम्भार गर्नुपर्ने अवस्थामा त्यसका लागि लाग्ने खर्च, पूनर्निर्माणका लागि लाग्नसक्ने समयावधिसहितको पुनर्निर्माण योजनासमेत सर्वोच्च अदालतले आफ्नै सक्रियतामा तयार गरिसकेको छ।
- सम्माननीय राष्ट्रपति डा.रामवरण यादवज्यूले पनि भूकम्पबाट क्षतिग्रस्त सर्वोच्च अदालतको मिति २०७२।२।१० गते अवलोकन गर्नुभएको थियो।

**सर्वोच्च अदालको मूल भवनमा पुगेको क्षतिको अवस्था र सर्वोच्च अदालतको नियमित कार्य सञ्चालनको वैकल्पिक व्यवस्थापन**

- वैशाख १२ गतेको भूकम्पबाट सर्वोच्च अदालतको मूल भवनको विभिन्न स्थानहरू चर्किएको, चिरा परेको र कतिपय स्थानमा भवनको जमिन नै फाटेको थियो। वैशाख २९ गतेको ठूलो परकम्पबाट उक्त भवनमा झनै क्षति पुग्न गएको थियो। सर्वोच्च अदालतको भवनमा भूकम्पबाट पुग्न गएको क्षतिको मूल्याङ्कन तथा उक्त भवनबाट कार्य सञ्चालन गर्न सकिने नसकिने सम्बन्धमा गठित

समितिबाट प्राविधिक रूपमा भवनको निरीक्षण गरी उक्त भवनमा पुगेको क्षति र सेवाग्राही तथा न्यायाधीश, कर्मचारीहरूको चाप र सुरक्षासमेतको दृष्टिबाट उक्त भवनबाट तत्काल कार्य सञ्चालन गर्न नमिल्ने भनी रातो स्टिकर टाँस भएको थियो। साथै, उक्त भवनको प्रवलीकरण हुन सक्ने नसक्ने सम्बन्धमा परामर्शदाता विज्ञहरूमार्फत भवनको निरीक्षण र मल्याङ्कनसमेत गरी प्रस्तुत गरेको प्रतिवेदनमा क्षतिग्रस्त सर्वोच्च अदालतको मूल भवनको प्रवलीकरण हुन सक्ने भनी सोका लागि लाग्ने अनुमानित लागतसहितको प्रतिवेदन प्रस्तुत भैसकेको छ।

- यसप्रकार प्राविधिकहरूको प्राविधिक प्रतिवेदनसमेतका आधारमा क्षतिग्रस्त भवनबाट अदालतको कार्य सञ्चालन गर्न नसकिने र अन्य वैकल्पिक व्यवस्था भै नसकेको अवस्थाबाट सर्वोच्च अदालतको मुद्दाको कामकारवाहीलगायत सुनुवाइको कार्य वैशाख २५ गतेसम्म रोक्नुपरेको थियो।
- न्याय सम्पादनको कार्यलाई अनिश्चित समयसम्म रोक्न नहुने र यसबाट सेवाग्राहीमा पर्न जाने प्रभाव तथा मानव अधिकारको संरक्षण र प्रत्याभूतिका सन्दर्भमा अन्तर्राष्ट्रिय जगतबाट चासो व्यक्त हुनसक्ने अवस्थासमेतलाई दृष्टिगत गर्दै सर्वोच्च अदालतबाट हुने सेवा प्रवाहलाई यथाशीघ्र सुचारू गर्न सर्वोच्च अदालतले देहायबमोजिमका पहल र व्यवस्थापन गर्दै त्यसमा आफ्नो विशिष्ट पहलकदमी र सोचका माध्यमबाट आजपर्यन्त आफ्नो सेवा प्रवाह र त्यसका निरन्तर सहजता एवम् सेवाग्राहीको हितलाई प्रवर्द्धन गर्ने प्रयास गरिआएको छ।
- सर्वोच्च अदालतको एनेक्स तथा परिसरमा रहेका स–साना भवनहरू तथा नेपाल बार एसोसिएसनको भवनको भुइँतलामा रहेका कोठाहरूबाट तत्कालका लागि सर्वोच्च अदालतको कार्य सञ्चालन गर्ने प्रयोजनका लागि आवश्यक न्यूनतम् पूर्वाधार तत्काल तयार गरिएको थियो। फाँट तथा शाखाहरूका लागि आवश्यक व्यवस्थापन गर्ने विषय तुलनात्मक रूपमा सहज भए पनि इजलास तथा चेम्बरहरूको तत्काल निर्माण गर्ने विषय सहज थिएन। विभिन्न कठिनाइका बाबजुद रात र बिहानमा समेत निरन्तर कार्य गराउँदै निकै छोटो अवधिमा नै आधारभूत आवश्यकता पूरा गर्ने प्रयास गरिएको थियो।
- २०७२ साल वैशाख २७ गतेदेखि मुद्दाका पक्षहरू उपस्थिति हुनु नपर्ने र चेम्बरबाटै आदेश गर्न मिल्ने प्रकृतिका मुद्दाको पुनरावलोकनसम्बन्धी निवेदनहरू हेर्न थालिएको थियो।
- एनेक्स भवनमा तयार गरिएका सीमित इजलासबाट मुद्दाका पक्ष तथा कानून व्यवसायीको प्रवेशलाई नियमित र नियन्त्रित गर्दै मुद्दा सुनुवाइको कार्य सुरु गरिएको थियो।
- सेवाग्राहीहरूको चाप तथा भवनको अवस्थालाई विचार गरी मुद्दाका फाँटहरू भुइँतल्लामा रहेका कोठाहरू तथा टहरामा व्यवस्था गरी क्षतिग्रस्त भवनबाट मुद्दाका मिसिल तथा अन्य सामानहरू कर्मचारीहरूलाई नै परिचालन गरी सारिएको र वैशाख २७ गतेदेखि नै पक्षहरूलाई तारेख दिनेलगायत मुद्दाको दर्तासमेतका कार्यहरू नियमितरूपमा सुचारू गरिएको थियो।
- आवश्यक इजलासहरू तयार गर्ने स्थान उपलब्ध नरहेको र एनेक्स भवनमा निर्माण भैरहेका इजलासहरूसमेत पूर्णरूपमा तयार भै नसकेको तथा सर्वोच्च अदालतका अन्य शाखाहरू राख्ने स्थानको अभाव रहेकाले गृह मन्त्रालय, नेपाली सेना, युनिसेफ तथा विश्व खाद्य कार्यक्रमसमेतका निकायहरूबाट ल्याइएका पालहरू सर्वोच्च

अदालत परिसर एवं नेपाल सरकारबाट सर्वोच्च अदालतको भवन निर्माणका लागि उपलब्ध सिंहदरबारभित्रको जग्गामा समेत लगाई पालहरूमा समेत इजलास सञ्चालन गरिएको थियो। त्यसैगरी इजलासको अभावमा टहरामा समेत इजलास कायम गरी न्याय सम्पादनको कार्य गरिँदै आएको थियो । यसप्रकार टहरामा इजलास लाग्ने विषय परिस्थितिको उपज भएपनि नेपालको न्यायिक इतिहासमा एउटा नौलो अनुभूतिको रूपमा रहेको छ।

- इजलासहरूको व्यवस्था तथा सर्वोच्च अदालतको कार्य सञ्चालनको लागि न्यूनतम्‌रूपमा आवश्यक पर्ने स्थानको अभाव रहेकाले सर्वोच्च अदालतलाई उपलब्ध सिंहदरबार परिसरको (सेनाको क्याभलरी रहेको समेत) जग्गामा नयाँ भवन निर्माण गर्न बाधा नपुग्ने गरी ६ वटा अस्थायी संरचना बनाई इजलास सञ्चालन गर्ने व्यवस्थाका लागि नेपाल सरकारसँग समन्वय गरी प्रि फेवको इजलास बनाउने प्रक्रिया अगाडि बढेको छ तर सो निर्माण सम्पन्न नभैसकेकाले सीमित इजलासहरूबाटै सर्वोच्च अदालतले आफ्नो न्याय सम्पादनको कार्य गर्दै आएको छ।
- यस प्रकारको अस्थायी व्यवस्थापनबाट मात्र सर्वोच्च अदालत लामो समयसम्म चल्न सक्ने अवस्था छैन । प्राविधिकहरूको प्रतिवेदनका आधारमा सर्वोच्च अदालतको क्षतिग्रस्त भवनको प्रवलीकरण हुनसक्ने देखिएको र परामर्शदाताहरूबाट प्रवलीकरणका लागि लाग्न सक्ने अनुमानित लागतसमेत प्रस्तुत भएको र अब कानूनबमोजिम टेन्डरको प्रक्रियामा जान सकिने अवस्था छ । प्रवलीकरणका काम सुरू भएपछि लगभग ६ महिनाको अवधि लाग्ने भनी प्रतिवेदनमा उल्लेख गरिएको छ । यी सबै कार्यहरू सर्वोच्च अदालतको आफ्नै प्रयास र तदारूखताबाट हुन सकेका छन् । यस कार्यमा सम्बद्ध रहेका भवन तथा सहरी विकास मन्त्रालय, विभाग, सिंहदरबार पुनर्निर्माण सचिवालयलगायतका निकायहरूसँग निरन्तरको संवाद, समन्वय र आन्तरिक साधन स्रोतको परिचालन गर्दै सर्वोच्च अदालतले भूकम्पपछिको सर्वोच्च अदालतको व्यवस्थापन गर्दै आएको छ।
- वास्तवमा सर्वोच्च अदालतका लागि भवन पहिलेदेखि नै अपुग थियो । सर्वोच्च अदालतको लागि नयाँ भवनको आवश्यकता महसुस पहिलेदेखि नै भैरहेको हो। त्यसका लागि उपयुक्त जग्गाको व्यवस्थापन हुन नसकिरहेको कारण भवन निर्माणको प्रक्रिया अगाडि बढ्न सकेको थिएन । सर्वोच्च अदालतको अनुरोधमा सिंहदरबारभित्रको हाल सेनाको क्याभलरी रहेको जग्गा समेतको ३० रोपनी जग्गा सर्वोच्च अदालतको नयाँ भवन निर्माणका लागि उपलब्ध भएको सन्दर्भमा अहिलेको परिस्थितिले सर्वोच्च अदालतको लागि तत्काल नयाँ भवनको निर्माणको प्रक्रिया सुरू गर्नुपर्ने अवस्था रहेको हुँदा सेनाको क्याभलरी सारी जग्गा खाली गर्नेलगायत अस्थायी संरचना निर्माण गर्ने कार्य भैरहेको छ। उक्त जग्गामा सर्वोच्च अदालतको लागि कम्तीमा आगामी ५० वर्षको आवश्यकता पूरा हुने गरी नयाँ भवनको निर्माण गर्नुपर्ने आवश्यकता छ । त्यसका लागि लाग्ने बजेट र प्राविधिक क्षमताको सन्दर्भमा उक्त भवन निर्माण गर्ने कार्य चुनौतीपूर्ण रहेको छ । सर्वोच्च अदालतको लागि आवश्यक पर्ने त्यसप्रकारणको नयाँ भवन निर्माणको प्रक्रिया तत्काल सुरू गर्न नसक्ने हो भने आगामी दिनमा सर्वोच्च अदालतले आफ्नो कार्य सञ्चालनमा लामो समयसम्म कठिन परिस्थितिको सामना गर्नुपर्ने हुन्छ।

**अन्य अदालतहरूमा पुगेको भौतिक क्षति र पूनर्निमाण तथा अदालतहरूको कार्य सञ्चालनको अवस्था**

- भूकम्पबाट सर्वोच्च अदालत मात्र होइन अन्य केही पुनरावेदन अदालतहरू, जिल्ला अदालतहरू, विशेष अदालत तथा अन्य न्यायिक निकाय र राष्ट्रिय न्यायिक प्रतिष्ठानको भौतिक संरचनाहरूमा समेत क्षति पुगेको छ।
- भूकम्पबाट बढी प्रभावित क्षेत्रका सिन्धुपाल्चोक, धादिङ र नुवाकोट जिल्ला अदालतका भवनहरू पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् । त्यसैगरी, पुनरावेदन अदालत, पाटन, बागलुङ र इलाम तथा रामेछाप, सोलुखुम्बु, ओखलढुङ्गा, काभ्रेपलाञ्चोक, भोजपुर, मकवानपुर र पर्वत जिल्ला अदालतका भवनहरूमा तुलनात्मकरूपमा गम्भीर क्षति पुगेको छ।
- लमजुङ, गोरखा, दोलखा, सिन्धुली, तनहुँ, मुस्ताङ, भक्तपुर, सप्तरी, बाँके, सर्लाही, काठमाडौं, धनुषा, महोत्तरी, चितवन र रसुवा जिल्ला अदालतका भवनहरूमा समेत आंशिक क्षति भएको छ। यसप्रकार भूकम्पबाट क्षति भएका मातहतका अदालतहरूको सङ्ख्या ३२ रहेको छ।
- सर्वोच्च अदालतका अतिरिक्त मातहतका अदालतहरूमा भएको क्षतिका सम्बन्धमा समेत सर्वोच्च अदालतले तत्काल क्षतिको विवरणहरू सङ्कलन गरी त्यसको प्राविधिक मूल्याङ्कनसमेत गराई मर्मत सम्भार वा पुनर्निर्माणका लागि



भूकम्पबाट भएको क्षतिको जानकारी लिनुहुँदै सम्माननीय राष्ट्रपति डा.रामवरण यादव

लाग्ने खर्चको अनुमानित आँकलनसमेत गरेको थियो । सर्वोच्च अदालतलगायत अन्य अदालतहरूमा भएको भौतिक क्षतिका कारण केही अदालत भवनहरू नयाँ निर्माण गर्नुपर्ने र अन्य अदालत भवनहरूको क्षतिको अवस्थाका आधारमा लाग्ने निर्माण तथा मर्मत वा प्रवलीकरणको अनुमानित प्रारम्भिक लागत करिब ८५ करोडको हाराहरीमा रहेको छ।

- अदालतहरूमा भएको भौतिक क्षतिका आधारमा पूर्णरूपमा क्षति भएका वा गम्भीररूपमा क्षति पुगेका अदालतहरूको दैनिक कार्य सञ्चालनका लागि आवश्यक वैकल्पिक व्यवस्थापनका लागि सर्वोच्च अदालतले तत्काल आवश्यक सहयोग र समन्वय गरेको थियो।
- अदालत भवनहरू पूर्ण रूपमा क्षति भएका र गम्भीर क्षति पुगेका सिन्धुपाल्चोक, धादिङ, नुवाकोट, पुनरावेदन अदालत, बाग्लुङलगायतका अदालतहरूमा अस्थायी टहरा निर्माणका लागि तत्काल बजेट उपलब्ध गराउनुका साथै स्थानीय रूपमा उपयुक्त वैकल्पिक व्यवस्था गर्न र नयाँ भवनको निर्माणका लागि समेत आवश्यक प्रक्रिया अगाडि बढाइएको छ।
- भूकम्पबाट भएको क्षतिको अवस्थाका आधारमा केही अदालतका भवनहरू नयाँ निर्माण गर्नुपर्ने र क्षतिग्रस्त भवनबाट अदालतको कार्य सञ्चालनसमेत गर्न नसकिने अवस्था हुँदा अस्थायी वैकल्पिक व्यवस्थापनसमेत गर्नुपर्ने आवश्यकता छ । त्यसैगरी गम्भीर क्षति पुगेका अदालतका भवनहरूको पुनर्निर्माण गर्नुपर्ने र त्यस्ता भवनबाटसमेत तत्काल कार्य सञ्चालन गर्न कठिनाइ रहेकाले वैकल्पिक अस्थायी संरचनासमेत निर्माण गर्नुपर्ने अवस्था छ । अन्य अदालतहरू, जुन आंशिकरूपमा क्षति पुगेको छ, त्यस्ता अदालतहरूको क्रमशः मर्मत सम्भार गर्दै जानुपर्ने आवश्यकता छ।
- देशमा प्राकृतिक विपत्तिका कारण एकै पटक हुन गएको ठूलो क्षतिको व्यवस्थापन गर्दै क्षतिग्रस्त भौतिक संरचनाहरूको निर्माण र मर्मत सम्भार गर्ने कार्य स्वाभाविकरूपमा जटिल छ । बजेटलगायतको साधन स्रोतको सीमितता तथा भौतिक संरचना (अस्थायीसमेत) को व्यवस्थाविना अदालतहरूको नियमित कार्य सञ्चालनमा बाधा उत्पन्न हुनसक्ने अवस्थालाई समेत यथाशक्य चाँडो सम्बोधन गर्नुपर्ने आवश्यकता छ।
- प्रस्तुत परिस्थितिमा स्पष्ट लक्ष्य, दृष्टिकोण र कार्यतालिकासहित क्षतिग्रस्त भवनहरूको निर्माण र मर्मत सम्भार गर्ने कार्ययोजनाकासाथ अगाडि बढनुपर्ने आवश्यकता छ । सर्वोच्च अदालतले अदालत भवनमा पुगेको क्षतिका कारण वैकल्पिकरूपमा कार्य सञ्चालनको व्यवस्थापन गर्नुपरेका कारण स्वयम् कठिनाइ भोगिरहनु परेको अवस्थामा पनि मातहतका अदालतहरूमा पुगेको भौतिक क्षतिको व्यवस्थापन गर्दै ती अदालतहरूबाट तत्काल र निर्वाधरूपमा अदालतको कार्य सञ्चालन भई सेवाग्राहीहरूले सहजरूपमा सेवा प्राप्त गर्न सकून भन्ने कुरालाई विशेषरूपमा ध्यान पुर्‍याउँदै आएको छ।
- यस कार्यमा सम्बद्ध सबैको सहयोग र सहकार्य हुन सकेमा भूकम्पपछिको अदालतहरूको व्यवस्थापन सहज हुन गई भूकम्पबाट प्रभावित अदालतहरूबाट समेत नियमित कार्य सञ्चालनको व्यवस्था गर्न सर्वोच्च अदालतलाई ठूलो मद्धत्त पुग्न सक्दछ।


## न्यायपालिकामा सूचना सम्प्रेषणसम्बन्धी सीप विकास प्रशिक्षण कार्यक्रम सम्पन्न

न्यायिक गतिविधिको सही सम्प्रेषण र प्रसारण हुन नसक्दा बुझाईमा अन्तर आउने गरेको भन्ने तथ्यलाई सर्वोच्च अदालत प्रकाशन, सञ्चार तथा सम्पादन समितिले मनन गर्दै "न्यायपालिकामा सूचना सम्प्रेषणसम्बन्धी सीप विकास तालिम" सञ्चालन गर्नुपर्दछ भन्ने निर्णयका साथ मिति २०७२/४/१५,१६ र १७ गते सञ्चारसीप विषयको तालिम/प्रशिक्षण सर्वोच्च अदालतको Tent House मा सम्पन्न गरेको छ।

प्रेस र अदालत बीचको दुरी घटाउन पनि प्रेसका कुराहरू अदालतले बुझ्नु जरूरी छ। त्यसैगरी न्यायलयका कामकारबाहीको संवेदनशीलता र सत्य तथ्यको सही सम्प्रेषण पत्रकार जगतमा हुनुपर्दछ भन्ने उद्देश्यका साथ उक्त तीन दिवशीय तालिम आयोजना भएको हो।

न्यायिक जनशक्ति खास गरी उच्च पदस्थ कर्मचारीहरूलाई लाक्षित गरी उक्त कार्यक्रमको आयोजना भएको थियो। सर्वोच्च अदालतका सह-रजिस्ट्रारहरू, फैसला कार्यान्ययन निर्देशनालयका निर्देशक, प्रवक्ता, सह-प्रवक्तालगायत सूचना प्रवाहसँग प्रत्यक्ष सरोकार राख्ने पदाधिकारी/कर्मचारीहरूलाई लक्षित गरी प्रशिक्षण कार्यक्रम तय गरिएको थियो।

मिति २०७२/४/१५ गते सर्वोच्च अदालत प्रकाशन सञ्चार तथा सम्पादन समितिका अध्यक्ष, सर्वोच्च अदातलका माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायज्यूले पानसमा बत्ती बाली कार्यक्रमको विधिवत् उदघाटन गर्नुभएको थियो भने कार्यक्रमको



सूचना सम्प्रेषणसम्बन्धी सीप विकास प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्नुहुँदै माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय

अध्यक्ष सर्वोच्च अदालतका माननीय न्यायाधीश तथा प्रकाशन, सञ्चार तथा सम्पादन समितिका सदस्य श्री दीपकराज जोशीज्यूले गर्नुभएको थियो।

प्रमुख अतिथिको आसनबाट शुभकामना मन्तव्य दिनु हुँदै माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायले सूचना सम्प्रेषण पनि एउटा कला हो। हामीमा धेरै अनुभव, ज्ञान, सीप र क्षमता छ तर दक्षताको कमी भएका कारण हाम्रा सूचना, सञ्चार तथा विज्ञप्तिहरू पद्धत्तिगत ढङ्गले जान सकेका छैनन्। पत्रकार जगत्लाई हाम्रा कुरा बुझाउन सकेका हुँदैनौ, यस्ता कमी कमजोरीहरू कहाँ कहाँ हुन सक्छन् भनेर पारखी वरिष्ठ पत्रकारहरू, रेडियो, टि.भी. कर्मीहरूलाई निम्त्याएर ज्ञान आर्जन गर्ने, अन्तरक्रिया गर्ने र हाम्रा कमिकमजोरीहरूलाई न्यूनीकरण गर्ने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको हो भन्नुभयो।

पत्रकारहरूसँग आम्नेसाम्ने बसेर कुरा गर्दा, पर्दामा आफ्ना कुरा राख्दा कस्तो अनुभव हुँदोरहेछ र आगामी दिनमा के सुधार गर्न सकिँदो रहेछ भन्ने थाहापाउनु पनि यो तालिमको उद्देश्य हो भन्नु हुँदै यो खालको सम्भवत: न्यायपालिकामा पहिलो प्रशिक्षण भएको हुँदा यस प्रशिक्षणको हामीहरूले पृष्ठपोषण लिने छौँ र यसको प्रभावकारितालाई अध्ययन गरेर भावी दिनमा थप तालिम/प्रशिक्षणका बारेमा निर्णय लिइने छ भन्दै कार्यक्रमको सफलताको कामना गर्नुभयो।

उद्घाटन सत्रको अध्यक्षता गर्नुहुने माननीय न्यायाधीश श्री दीपकराज जोशीले पत्रकार जगतले अक्षरमा सत्यता खोज्दछन् भने न्यायाधीशले शब्द-शब्दमा सत्यता खोज्दछन् भन्नुहुँदै दुवै वर्गमा सञ्चार सीप र प्रवाहको उत्तिकै महत्त्व छ भन्नुभयो। सूचना दिएर मात्रै हुँदैन, उचित समयमा सूचना दिनुपर्दछ र सूचना उचित पनि हुनुपर्दछ। सम्प्रेषण गर्ने र पाउने बीचको बुझाइमा अन्तर आयो भने गलत सूचना सम्प्रेषण भएको छ भन्ने बुझे हुन्छ भन्नु हुँदै सूचनालाई समय र सन्दर्भले कम र बढी महत्त्व प्रधान गर्दछ भन्नुभयो। न्यायालयमा सूचना सम्प्रेषणसम्बन्धी अभ्यस्त जनशक्ति हामीसँग छैनन्। हाम्रा न्यायिक कामकारवाहीहरू पद्धतिगत ढङ्गले नागरिकसमक्ष



सूचना सम्प्रेषणसम्बन्धी सीप विकास प्रशिक्षण कार्यक्रममा मन्तव्य राख्नुहुँदै माननीय न्यायाधी श्री दीपकराज जोशी

सन्देश प्रवाह गर्न र नागरिकलाई बुझाउन सक्नुपर्दछ । पत्रकार जगतका व्यक्तिहरू र कर्मचारी वर्गको तीन दिनसम्मको सहकार्य र अन्तरक्रियाले यो समस्याको न्यूनीकरण गर्ने छ भन्नु हुँदै तीन दिनसम्म चल्ने यस कार्यक्रमको सफलताको कामना गर्नुभएको थियो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त माननीय श्री कृष्णहरि बास्कोटाले बोल्नेले इतिहास रच्दछन् भन्दै न्यायिक सर्वोच्चता कायम रहेको मुलुकमा विधिको शासनले गरिमामय स्थान ओगटेको हुन्छ । अदालतले दिनुपर्ने सूचना ऐन मौकामा दिन नसके गरिएका कामको सही सम्प्रेषण हुन सकेको मानिँदैन । उदाहरणका लगि आमाको नामबाट नागरिकता दिने निर्णय समयमै सही ढङ्गले सम्प्रेषण गर्न सकेको भए न्यायका याचकले त्यति धेरै सास्ती बेहर्नु पर्ने थिएन भन्नु हुँदै सूचनाको महत्त्व दर्साउनु हुँदै न्यायलयमा प्रेस जगतका हस्तीहरूलाई निम्त्याएर यस्तो प्रशिक्षणको सुरुवात् हुनु आफैँमा सकारात्मक कुरा भएको भन्दै तीन दिनसम्म सञ्चालन हुने यस प्रशिक्षणको सफलताको कामना गर्नुभयो ।

वरिष्ठ पत्रकार धर्मेन्द्र झाले आयोजकहरूसँगको छलफल र सहकार्यबाट यो तालिम/प्रशिक्षण कार्यक्रमको प्रशिक्षण सामग्री तयार गरिएको छ भन्नु हुँदै आफू यस कार्यक्रमको संयोजकसमेत भएका नाताले तीन दिनसम्म पत्रकारसँग कसरी प्रस्तुत हुने, रेडियो टि.भी. मा कसरी आफ्ना कुरा राख्ने र पत्रकारलाई बुझाउने भन्ने विषय सैद्धान्तिक भन्दा पनि व्यावहारिक कक्षाका माध्यमबाट प्रशिक्षण अगाडि बढाउने प्रयास हुनेछ भन्नुभयो ।

त्यसैगरी अर्का वरिष्ठ पत्रकार तारानाथ दाहालले सूचना प्रेशित गर्ने तरिकामा हुने कमीले गर्दा कहिले काहीँ सही ढङ्गले सूचनाको प्रशारण हुन नसक्ने सत्यतातर्फ इङ्गित गर्दै सूचना प्रेषित गर्दा भूमिकाभन्दा सूचनाको मूलमर्मलाई सुरूमै उल्लेख वा सम्प्रेषण गर्नुपर्दछ भन्नुभयो भने पत्रकार श्री विपुल पोखरेल, सहरजिस्ट्रार श्री लालबहादुर कुँवर तथा



कार्यक्रम समापनपश्चात् सामूहिक तस्बिर खिचाउँदै कार्यक्रमका सहभागीहरू

नेपाल कानून पत्रिकाका सम्पादक श्री अम्बिकाप्रसाद निरौलाले समेत आफ्नो मन्तव्य राख्नुभएको थियो।

प्रशिक्षण कार्यक्रममा निम्नानुसार सहभागिता रहेको थियो।

१. सहरजिष्ट्रार श्री विपुल न्यौपाने
२. सहरजिष्ट्रार श्री नहकुल सुवेदी
३. सहरजिष्ट्रार श्री लालबहादुर कुँवर
४. महानिर्देशक श्री महेन्द्रानाथ उपाध्याय
५. सम्पादक श्री अम्बिकाप्रसाद निरौला
६. उप-रजिष्ट्रार श्री मनोज के.सी.
७. उप-रजिष्ट्रार श्री बासुदेव न्यौपाने
८. इजलास अधिकृत श्री विष्णुप्रसाद गौतम
९. उप-रजिष्ट्रार श्री माधवप्रसाद मैनाली
१०. शाखा अधिकृत श्री देवेन्द्र ढकाल
११. इजलास अधिकृत श्री विश्वनाथ भट्टराई
१२. इजलास अधिकृत श्री मनोज श्रेष्ठ
१३. इजलास अधिकृत श्री अशोककुमार क्षेत्री
१४. इजलास अधिकृत श्री अर्जुन कोइराला
१५. इजलास अधिकृत श्री राजन बास्तोला
१६. इजलास अधिकृत श्री दीक्षा प्रधानाङ्ग
१७. इजालास अधिकृत श्री पूजा खत्री
१८. इजलास अधिकृत श्री अन्जनराज सापकोटा
१९. इजलास अधिकृत श्री ध्रुर्वराज त्रिपाठी
२०. अनुसन्धान अधिकृत कृष्णप्रसाद पौडेल
२१. कम्प्युटर अपरेटर अर्जुन सुवेदी

## काठमाडौं कानूनी नेपाली भाषाको भाषिक प्रशिक्षण कार्यक्रम सम्पन्न

कानूनी नेपाली भाषाको भाषिक प्रशिक्षण कार्यक्रम मिति २०७२।५।४ गतेदेखि ६ गतेसम्म काठमाडौंमा सम्पन्न भयो।

सो कार्यक्रमको उद्घाटन कार्यक्रमका प्रमुख अतिथि तथा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायज्यूबाट पानसमा बत्ती बाली सम्पन्न भएको थियो । उक्त उद्घाटन सत्रका क्रममा उहाँले विगतमा भन्दा अस्ति राम्रो, अस्तिभन्दा हिजो र हिजोभन्दा आज हाम्रो भाषामा क्रमिकरूपमा सुधार हुँदै आएको अवस्था हुँदा भोलिका दिनमा अझ यसमा सुधार र शुद्धता आउने छ, हामीले बोल्दा अङ्ग्रेजीसमेत मिसाएर बोल्ने गरिन्छ। यसरी बोल्दा नेपाली भाषाको शुद्धतामा असर पार्न सक्छ। ह्रस्वदीर्घमा कम ध्यान दिने प्रवृत्तितर्फ सचेत हुनुपर्छ । पक्कै पनि यो प्रशिक्षणले सहभागीहरूलाई भाषाको प्रयोगमा अवश्य पनि शुभ अवसर प्राप्त गर्नेछ भन्ने आशा लिएको छु भन्नुहुँदै कार्यक्रमको सफलताको कामनासमेत गर्नुभयो।

उक्त तीन दिनसम्म सञ्चालित भाषिक प्रशिक्षण कार्यक्रमको समापन २०७२।५।६ गते सम्पन्न भएको थियो। सो समापन कार्यक्रमको अध्यक्ष तथा माननीय न्यायाधीश श्री दीपकराज जोशीले गर्नुभएको थियो । समापनका क्रममा उहाँले मन्तव्य दिनुहुँदै यस किसिमको भाषिक प्रशिक्षणले अवश्य नै कानूनी नेपाली भाषाको प्रयोगमा सुधार र शुद्धतामा थप टेवा पुग्ने कुरामा जोड दिनुहुँदै हामीले प्रयोग गर्ने कानूनी नेपाली भाषा अरूले प्रयोग गर्ने भाषाभन्दा फरक भएकाले पक्कै पनि अदालतमा प्रयोग हुने भाषामा सुधार गराउन यस भाषिक प्रशिक्षणले सहयोग पुर्‍याउने विश्वास व्यक्त गर्नुभएको थियो।

प्रशिक्षार्थीहरूका तर्फबाट इजलास सहायक श्री कपिलमणि गौतम तथा शाखा अधिकृत श्री देवी चौधरीले यस प्रशिक्षण कार्यक्रमले सहभागी सबैलाई




कार्यक्रमको उद्घाटन सत्रमा अतिथिहरू

भाषिक शुद्धतामा लाभान्वित तुल्याएको भन्नुहुँदै आगामी दिनहरूमा पनि यस्ता भाषिक प्रशिक्षण कार्यक्रमहरू सञ्चालन हुनु पर्नेतर्फ जोड दिनुभएको थियो।

**सहभागी कर्मचारीहरूको नामावली**

१.इजलास अधिकृत श्री विश्वनाथ भट्टराई
२.इजलास अधिकृत श्री भिमबहादुर निरौला
३.इजलास अधिकृत श्री गेहेन्द्रराज पन्त
४.इजलास अधिकृत श्री हरिकृष्ण श्रेष्ठ
५.इजलास अधिकृत श्री कपिलमणि गौतम
६.इजलास अधिकृत श्री प्रेमप्रसाद न्यौपाने
७.इजलास अधिकृत श्री रामप्रसाद वस्याल
८.इजलास अधिकृत श्री सुरेशराज खनाल
९.इजलास अधिकृत श्री विदुर काफ्ले
१०.इजलास अधिकृत श्री गजेन्द्रबहादुर सिंह
११.इजलास अधिकृत श्री गीता श्रेष्ठ
१२.इजलास अधिकृत श्री इन्दिरा शर्मा
१३.शाखा अधिकृत श्री सरोजराज रेग्मी
१४.शाखा अधिकृत श्री रामु शर्मा
१५.शाखा अधिकृत श्री रामप्रसाद पौडेल
१६.शाखा अधिकृत श्री गेहेन्द्रराज रेग्मी
१७.शाखा अधिकृत श्री दिपेन्द्र कुमार तिवारी
१८.शाखा अधिकृत श्री ताराकुमारी शर्मा
१९.शाखा अधिकृत श्री शम्भु बराल
२०.शाखा अधिकृत श्री देवीकुमारी चौधरी
२१.शाखा अधिकृत श्री खेमकुमारी बस्नेत
२२.शाखा अधिकृत श्री मिनबहादुर कुँवर
२३.शाखा अधिकृत श्री यज्ञप्रसाद आचार्य
२४.शाखा अधिकृत श्री प्रेमराज पौडेल
२५.शाखा अधिकृत श्री मिना गुरूङ
२६.नायब सुब्बा श्री युवराज गौतम



२.नायब सुब्बा श्री डिल्लीराज आचार्य
३.नायब सुब्बा श्री शिवप्रसाद ढकाल
४.नायब सुब्बा श्री घनराज पोखरेल
५.नायब सुब्बा श्री प्रभा ढकाल
६.नायब सुब्बा श्री अभियान पोखरेल
७.नायब सुब्बा श्री कृष्णप्रसाद पौडेल
८.नायब सुब्बा श्री विमल प्रसाद पुडासैनी
९.नायब सुब्बा श्री दिनेश बराल
१०.टाईपिष्ट ना.सु श्री रूपा महर्जन
११.कम्प्यूटर अपरेटर श्री गीता घिमिरे गिरी
१२.कम्प्यूटर अपरेटर श्री गुनाखर शर्मा
१३.कम्प्यूटर अपरेटर श्री सुर्दशनप्रसाद आचार्य
१४.कम्प्यूटर अपरेटर श्री मन्जिता ढुंगाना
१५.कम्प्यूटर अपरेटर श्री मन्दिरा रानाभाट
१६.कम्प्यूटर अपरेटर श्री विदुषी रायमाझी
१७.कम्प्यूटर अपरेटर श्री रामशरण तिमिलसीना
१८.कम्प्यूटर अपरेटर श्री रानु पौडेल
१९.कम्प्यूटर अपरेटर श्री प्रेमबहादुर थापा
२०.कम्प्यूटर अपरेटर श्री अन्जय पोखरेल
२१.कम्प्यूटर अपरेटर श्री चन्द्रावती तिमिलसीना
२२.सहायक कम्प्यूटर अपरेटर श्री विकेश गुरागाई
२३.टेलिफोन अपरेटर श्री रचना शर्मा
२४.टाईपिष्ट खरिदार श्री अमिररत्न महर्जन
२५.डिठ्ठा श्री चित्र बहादुर डाँगी